# कक्षा आठका विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन

लक्ष्मी शर्मा

एम.एड.दोस्रो वर्ष

सि.न. २४००१२४/२०६७

त्रि.वि. दर्ता नं : ९-३-२४०-०४२७-२००८

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली शिक्षा विभाग अर्न्तगत

स्नातकोत्तर तह एम.एड.दोस्रो वर्षको नेपा.शि. ५९८ को

प्रयोजनको लागि प्रस्तुत

## शोधपत्र

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

वि.स.२०७१ (सन् २०१४)

**त्रिभुवन विश्वविद्यालय**

**सप्तगण्डकी बहुमुखी क्याम्पस**

**नेपाली भाषा शिक्षा विभाग**

**भरतपुर, चितवन**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पसकी छात्रा लक्ष्मी शर्माले स्नातकोत्तर (एम.एड) तहमा नेपाली विषयको नेपा. शि.५९८ पाठ्यांशको प्रयोजनका निम्ति **कक्षा आठका विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त भएकोले तपसिलका मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क.स. | हस्ताक्षर |
|---|---|
| ................................... | |
| उप-प्राध्यापक श्री बलराम सिवाकोटी | .......................... |
| (विभागीय प्रमुख) | |
| .......................... | .......................... |
| (बाह्य परीक्षक) | |
| उप-प्राध्यापक श्री रमेश कुमार श्रेष्ठ | .......................... |
| (आन्तरिक परीक्षक) | |

मिति

२०७१/.../.../

सन् २०१५

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय , शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड्) दोस्रो वर्षको नेपा. शि.५९८ पाठ्यांशको प्रयोजनका निम्ति **कक्षा आठका विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी लक्ष्मी शर्माले मेरो निर्देशनमा तयार गरेकी हुन् । प्रस्तुत शोधपत्र शोधार्थीले निकै लगनशील भएर मेहनत गरी तयार पारेकी हुन् । यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

...............................

उप-प्राध्यापक श्री रमेश कुमार श्रेष्ठ

(शोध निर्देशक)

मिति २०७१....../........

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्रलाई शीर्षक चयन, शोध प्रस्ताव लेखन र शोधपत्रलाई यो अवस्थासम्म ल्याई पुऱ्याएर निश्चित स्व-रूपमा ढाल्ने क्रममा आफ्नो अमूल्य समयको पर्वाह नगरी मन, वचन र कर्मले आवश्यक निर्देशन, सल्लाह, पृष्ठपोषण, सामग्री सङ्कलन र विश्लेषणका लागि प्रेरणा साथै हौसला प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु उप प्रा. रमेश कुमार श्रेष्ठ र भवनाथ सडौलाज्यू प्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्यलाई आधिकारिक रूपमा अगाडि बढाउन त्रिभुवन विश्वविद्यालय , शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पस कीर्तिपुरका नेपाली भाषा शिक्षा विभागका प्रमुख श्रद्धेय गुरू प्रा. पारसमणि भण्डारीज्युले सप्तगण्डकी क्याम्पसका नेपाली भाषा शिक्षा विभागका प्रमुखको आग्रहमा आफ्नो महत्वपूर्ण समयलाई थाती राखेर दुईदिने अभिमुखीकरण कक्षा मार्फत हामीलाई शोधकार्यका लागि मार्ग निर्देश गरी शीर्षक चयनमा समेत सहयोग पुऱ्याउनु भएकोमा उहाँको सहयोगको हृदयदेखि आभार व्यक्त गर्दछु । साथै यस शोधकार्यलाई आवश्यक सुझाव तथा हौसला प्रदान गरी सम्पूर्ण चाँजोपाँजो मिलाई दिने सप्तगण्डकी क्याम्पस नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख उप प्रा. बलराम शिवाकोटी प्रति कृतज्ञता ज्ञापन  गर्दछु ।

यस शोधकार्यलाई सफलताको गन्तव्यमा पुऱ्याउन उपयुक्त सल्लाह र सुझाव प्रदान गर्नुहुने आदरणीय गुरुहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयार पार्दा सामग्री जुटाउने क्रममा सहयोग दिने विभिन्न कृतिका विद्वान लेखक सम्पादक र प्रकाशक सबैलाई धन्यवाद दिन चाहन्छु । सामग्री सङ्कलनमा सहयोग गर्ने सिद्धार्थ ईङ्लिस बोर्डिङ स्कुल, लिटिल फ्लावर स्कुल, चमेली निम्न माध्यमिक विद्यालय, लक्ष्मी माध्यमिक विद्यालय, भरतपुरका नेपाली विषय विभागका शिक्षकहरूलाई धन्यवाद दिन चाहन्छु ।

मेरो अध्ययनको लागि थप उत्साह, सहयोग र समयका साथै शोधपत्र टङ्कनमा विशेष सहयोग गर्नुहुने मेरो श्रीमान् हरिहर न्यौपानेलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी शोधपत्रको छपाई, शुद्धा शुद्धिमा सहयोग पुऱ्याउनुहुने र कम्प्युटर टाइप र प्रिन्ट गरी समयमानै तयार गरी सहयोग पुऱ्याउने फोनेट कम्प्युटर इन्स्टिच्यूट, श्रीमती रञ्जना पौडेल न्यौपाने प्रति आत्म देखिनै धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

लक्ष्मी शर्मा

# विषय सूची

**शोधपत्र मूल्याङ्कन समिति**

**शोध निर्देशकको मन्तव्य**

**कृतज्ञता ज्ञापन**

**विषय सूची**

**तालिका सूची**

**अध्याय एक : परिचय** १

१.१ विषय प्रवेश १

१.२ समस्या कथन १

१.३ अध्ययनको उद्देश्य २

१.४ अध्ययनको औचित्य ३

१.५ अध्ययनको सीमाङ्कन ४

१.६ प्रयुक्त प्रमुख सङ्क्षिप्त शब्दहरूको परिभाषा ५

**अध्याय दुई : पूर्वाध्यापन सैद्धान्तिक अवधारणा** ६

२.१ पूर्वकार्य ६

२.२ सम्बन्धित साहित्यको समीक्षा ६

२.३ समीक्षात्मक अध्ययनको प्रयोग ७

२.४ त्रुटिविश्लेषणको सैद्धान्तिक परिचय ८

२.४.१ परिचय ८

२.४.२ त्रुटिविश्लेषणको उद्देश्य ९

२.४.३ त्रुटि विश्लेषणको महत्व र उपयोगिता ९

२.४.४ त्रुटिका स्रोत तथा कारक तत्वहरू १०

२.४.४.१ स्रोतभाषा १०

२.४.४.२ शिक्षण प्रक्रिया तथा वातावरण १०

२.४.४.३ सिकारुको बौद्धिकता ११

२.४.४.४ कठिनाइ तथा जटिलता ११

२.४.५ त्रुटिका सम्भाव्य क्षेत्रहरू ११

२.४.६ त्रुटिको बर्गीकरण १२

२.४.६.१ विकासशीलताको आधार १३

२.४.६.२ स्रोतका आधारमा १४

२.४.६.३ भाषकोटिको आधार १४

२.४.६.४ गम्भीरताको आधारमा १५

२.४.६.५ व्यापकताको आधार १५

२.४.६.६ स्वरूपको आधारमा १६

२.४.६.७ औचित्य /अनौचित्यको आधार १६

२.४.७ त्रुटिविश्लेषण पद्धति १७

२.४.७.१ पूर्वनिर्धारित कोटि पद्धति १७

२.४.७.२ पश्चनिर्धारित कोटि पद्धति १७

२.४.८ त्रुटिविश्लेषण प्रक्रिया १८

२.५ वाक्यगठनसम्बन्धी कोटिहरूको सैद्धान्तिक परिचय १९

२.५.१ परिचय १९

२.५.३ वाक्यगठनका तत्वहरू २१

**अध्याय तीन : अध्ययन विधि र प्रकिया** ३२

३.१ अध्ययनको ढाँचा ३२

३.२ जनसंख्या र नमुना छनौट ३३

३.३  तथ्याङ्क तथा सुचना सङ्कलन उपकरण ३३

३.४ तथ्याङ्क वा सुचना सङ्कलन प्रक्रिया ३३

३.५ तथ्याङ्क विश्लेषण र व्याख्या ३४

**अध्याय चार : नतिजा र छलफल** ३५

४.१ तथ्याङ्क विश्लेषण र नतिजा ३५

४.१.१ वाक्य गठनसम्बन्धी त्रुटिहरूको विश्लेषण : ३५

४.१.२ व्याकरणिक कोटिको आधारमा वाक्यगठनमा देखिएको त्रुटिको विश्लेषण ३६

४.१.२.१ वचन पक्षको त्रुटिविश्लेषण ३६

४.१.२.२ लिङ्ग पक्षको त्रुटिविश्लेषण ३७

४.१.२.३ पुरुष सम्बन्धी त्रुटि विश्लेषण ३८

४.२.१.४ काल सम्बन्धी त्रुटिविश्लेषण ३८

४.१.२.५ पक्षसम्बन्धी त्रुटिविश्लेषण ३९

४.१.२.६ भावसम्बन्धी त्रुटिविश्लेषण ४०

४.१.२.६ आदर सम्बन्धी त्रुटि विश्लेषण ४१

४.२. छलफल ४२

**अध्याय पाँच : निश्कर्ष र उपयोग** ४५

५.१. निश्कर्षः ४५

५.१.१. पहिलो उद्देश्यको निश्कर्षः ४५

५.१.२. दोस्रो उद्देश्यको निश्कर्ष ४६

५.१.३. तेस्रो उद्देश्यको निश्कर्ष ४७

५.२. उपयोग ४८

५.२.१. नीति निर्माण स्तरमा ४८

५.२.२. प्रयोग स्तरमा ४९

| | |
|---|---|
| परिशिष्टाङ्क | ५२ |
| नमुना प्रश्नहरू | ५२ |
| व्यक्तिवृत | ५७ |

# तालिका सूची

तालिका न : १ वाक्यगठन सम्बन्धी त्रुटि विश्लेषण ३५

तालिका न : २ वचन पक्षको त्रुटिविश्लेषण ३६

तालिका न : ३ लिङ्ग पक्षको त्रुटिविश्लेषण ३७

तालिका न : ४ पुरुष सम्बन्धी त्रुटि विश्लेषण ३८

तालिका सं : ५ काल सम्बन्धी त्रुटिविश्लेषण ३९

तालिका सं : ६ पक्षसम्बन्धी त्रुटि विश्लेषण ४०

तालिका सं : ७ भावसम्बन्धी त्रुटिविश्लेषण ४१

तालिका सं : ८ आदर सम्बन्धी त्रुटि विश्लेषण ४२

# अध्याय एक

# परिचय

## १.१ विषय प्रवेश :

वाक्य भनेको दुईभन्दा बढीशब्दयोगबाट बनेको आफैमा अर्थपूर्ण भाषिक एकाइ हो । वाक्यगठनमा वाक्यतत्व कारक र विभिक्ति, काल, पक्ष, भाव वाक्यान्तरण आदिको यथोचित शुद्धता आवश्यक हुन्छ । नेपाली भाषालाई पहिलो भाषा र दोस्रो भाषाका रूपमा अध्ययन गर्ने शिक्षार्थीहरू बीच वाक्यगठनमा धेरैभिन्नताहरू देखा पर्दछन । वाक्य गठनको सङ्गतिमा लिङ्ग, वचन, पुरुष , आदर आदिमा कर्तासँग किया विशेषणसँग विशेष्य र र नामसँग सर्वानमको सङ्गति मिल्नु पर्दछ । कक्षा आठका विद्‌यार्थीहरूमा वाक्यगठनमा यिनै प्रकारका त्रुटिहरू देखा पर्दछन । यस शोधपत्रमा कक्षा  आठका विद्‌यार्थीहरूले वाक्य गठनमा गर्ने पदसंङ्गति सम्बन्धी त्रुटिहरूका बारेमा अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन :

भाषा मानवीय विचार विनिमयको एक व्यवस्थित माध्यम हो । भाषाको अभावमा मानवीय सञ्चार अवरूद्ध हुन जान्छ । भाषा उच्चारणको अवयवहरूबाट मात्र उच्चारण गर्न सकिन्छ । मानव सभ्याताको विकास सँगसँगै विचार विनिमयको माध्यम भाषाको विकास भएको हो । जुन वैज्ञानिक तरिकाबाट व्यक्त गरिन्छ । भाषा उच्चारण अवयववाट उच्चारित हुन्छ । भाषा यादृच्छिक हुन्छ । भाषामा वाकप्रतीकहरू हुन्छन् । भाषाको आफ्नै व्यवस्था हुन्छ । भाषा मानवीय हुन्छ । भाषा विनिमयको माध्यम हो । भाषा सामाजिक हुन्छ । भाषा सिर्जनशील  हुन्छ । भाषा परिवर्तनशील हुन्छ । भाषा विभाज्य हुन्छ । भाषामा मौखिक र लिखित रूप हुन्छन् । प्रथमतः कथ्य रूपमा व्यवहारउपयोगी हुन्छ तर सञ्चित वक्ता श्रोतावीचको दूरत्वलाई समेत सम्प्रेषणीय बनाउन लेख्य परम्परा पनि उत्तिकै महत्त्वपूर्ण हुन आउँछ । भाषा कसरी मिलेर आउँछ भन्ने सन्दर्भमा भाषाको आफ्नै व्यवस्था हुन्छ । कुनै पनि भाषाका वक्ताहरू धेरै हुन्छन् । कसैले पहिलो भाषालाई मातृभाषाको रूपमा प्राप्त गरेको हुन्छ भने कसैले दोस्रो भाषाको रूपमा ग्रहण गरेको हुन्छ । भाषा पैतृक सम्पत्ति नभई आर्जित सम्पत्ति हो । वक्ताले जस्तो भाषिक वातावरण प्राप्त गर्दछ, उसले त्यस्तै भाषा

सिक्ने गर्दछ र त्यसको अतिरिक्त व्यक्ति विशेषमा रहने विविध विशेषताका कारणले व्यक्तिमा बोलीहरूको विकास भएको  पाइन्छ। परिणामतः भाषाका विभिन्न भेदहरूको जन्म हुन गई भाषिक व्यवस्थापनमा समेत विविधिताको सिर्जना हुन पुग्दछ। भेदहरूको जन्म हुन गई भाषिक व्यवस्थापनमा समेत विविधताको सिर्जना हुन पुग्दछ। त्यसबेला स्तरीय मानक भाषाको व्यवहारिक आवश्यकता टड्कारो रूपमा देखिन पुग्दछ।

मानक तथा स्तरीय भाषाको अपेक्षा अनुसार व्याकरण परम्पराको थालनी भएको पाइन्छ। भाषाको कथ्य र लेख्य रूपमा कसरी एकरूपता ल्याउने भन्ने व्याकरणको अभीव्यक्ति हो , तर भाषा समाज र संस्कृति अनुरूप रहेको हुन्छ। भाषा सामाजिक वस्तु हो। भाषालाई समाजभन्दा अलग राखेर हेर्न सकिदैन। भाषाहरू विविध समाज र सांस्कृतिक पक्षहरूको प्रभाव पर्दछ। यसले गर्दा भाषाको वर्गव्यवस्था, वाक्यगठन, लिङ्ग, वचन, पुरुष, आदरार्थी आदि अनेक व्याकरणिक कोटिहरूमा भिन्नता सिर्जना हुन गई भाषिक भेदहरू देखापर्दछन्। भाषाको आफ्नै प्रकृति र व्यवस्थापनले गर्दा एक मातृभाषीले दोस्रो भाषा विभिन्न प्रयोजनको निमित्त सम्प्रेषणीय रूपमा प्रयोग गरेतापनि मानक तथा स्तरीय रहेको पाइदैन। त्यसमा पनि विशेष गरेर वाक्यगठन त्रुटिहरूलाई प्रमुख समस्याको रूपमा लिन सकिन्छ। एउटा भाषामा बानी परिसकेपछि अर्को भाषा सिकाइलाई प्रभावित गर्ने भएकाले यस्तो सिकाइ पहिलो भाषा सिकाइजस्तो सहज र सजिलो हुन सक्दैन बरु कृतिम र अप्ठ्यारो किसिमको हुन्छ। पहिलो भाषामा बानी परिसकेको व्यक्तिले दोस्रो भाषा उच्चारण गर्दा शब्दगठन र वाक्यगठन निर्माण गर्दा कठिनाई महसुस गर्दछ। पहिलो भाषा सिक्दा त्यस्तो हुँदैन।

वाक्यगठनगत त्रुटिका प्रमुख समस्यालाई निम्नानुसार बुँदागतरूपमा प्रस्तुत गरिएको छ।

क) कक्षा आठमा अध्ययननरत विद्यार्थीहरूले वाक्यगठनमा के कस्ता त्रुटि गर्दछन् ?

ख) वाक्यगठनमा गर्ने त्रुटिका निराकरणको वर्गीकरण गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

समस्याकथनमा उल्लेखित समस्याहरूमा आधारित भई प्रस्तुत शोधपत्रमा कक्षा आठका विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययनको निम्नलिखित उद्देश्यहरू रहेको छ :

क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन गर्नु ।

ख) वाक्य गठनमा गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु ।

ग) वाक्य गठनमा गर्ने त्रुटिहरूको निराकरणका लागि सुझाव प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य

स्तरीय भाषाका नीमित्त वाक्यगठनको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । भाषाको स्वरुप सबै ठाउँमा एकनासको हुँदैन । यदि वाक्यमा प्रयुक्त हुने पदहरूले उपयुक्त रुप क्रममा व्यक्ति सिर्जना भएमा अर्थको  अनर्थ मात्र नभई हास्यस्पद अभिव्यक्ति वन्न पुग्छ । यसले भाषाको बोध र अभिव्यक्ति क्षमतामा नकारात्मक प्रभाव पार्न सक्दछ । यसले भाषको लेख्यरूपमा मात्र नभई कथ्य रूपमा समेत प्रभाव पारी भाषिक अराजकता सिर्जना हुन सक्दछ । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा समेत वाक्यगठनगत त्रुटिले नकारात्मक असर पार्ने भएकाले भाषा सिकाइ तथा शिक्षणमा वाक्यगठनगत त्रुटिले नकारात्मक असर पार्ने भएकाले भाषा सिकाइ तथा शिक्षणमा वाक्यगठनगत त्रुटिहरूको अध्ययन र विश्लेषण अत्यन्त महत्त्वपूर्ण हुन्छ । भाषा सिक्ने क्रममा वाक्यगठनगत त्रुटिहरूका विभिन्न कारण हुन सक्दछन् । विशेष गरेर मातृभाषाको अनुभवको प्रभावलाई प्रमुख रूपमा लिनुपर्ने हुन्छ । नेपालमा धेरै परिवारका धेरै भाषाहरू मातृभाषाका रूपमा बोलिन्छन् नेपाली भाषालाई दोस्रो भाषाको रूपमा सिक्ने र सिकाउने परिस्थिति विद्यमान छ । विशेषत : भाषिकागत भिन्नताका कारणले सिर्जित त्रुटिहरूभन्दा भाषिक परिवारको भिन्नताको कारणले हुने त्रुटिहरू गम्भीर र प्रभावशाली रहेका पाइन्छन् । नेपालमा बोलिने भाषा परिवारमध्ये भारोपेली भाषा र भोटबर्मेली परिवारका भाषाहरूबीचको सम्बन्धलाई प्रमुख रूपमा लिनुपर्ने हुन्छ ।

भाषाको वाक्यगनगत त्रुटिहरूले अभिव्यक्ति दुर्वल अप्रभावकारी अशोभनीय, हास्पस्पद तथा भद्दा मात्र नभई अर्थमा समेत नकारात्मक प्रभाव पार्दछ । यस्ता त्रुटिहरूले भाषाको सम्प्रेषणीयता तथा बोध सन्दर्भमा समेत नकारात्मक असर पार्दछ । राजीभाषाको पनि आफ्नै वाक्यगठनगत नियम तथा भाषाको मौलिक संरचना भएको हुनाले उनीहरूलाई स्तरीय नेपाली भाषा बोल्दा र लेख्दा र अप्ठ्यारो परेको देखिन्छ । त्यसमा पनि वाक्यगठनगत

त्रुटिहरू  प्रमुख रूपमा भएको देखिन्छ, जस्तै छोराहरू आयो (वचन), केटी विद्यालय जान्छ । (लिङ्ग), हामी घर जान्छ । (पुरुष) आदि जस्ता त्रुटिहरूको पहिचान गरी त्यसको प्रकृति र कारण पत्ता लगाउनु महत्त्वपूर्ण कार्य हुन सक्दछ । यसरी त्रुटिहरूको पहिचानपछि त्यसको निराकरणार्थ स्तरीय नेपाली भाषा शिक्षणमा के कसरी र कस्ता उपायहरूद्वारा सुधार गर्न सकिन्छ, यसतर्फ अनुसन्धान केन्द्रित गर्नु आवश्यक भएकाले यस अध्ययनको औचित्य पुष्टि हुन्छ ।

कुनै पनि क्षेत्र वा विषय वस्तुको खोज तथा अध्ययन गर्नु आफैमा एक महत्त्वपूर्ण कार्य हो वाक्यगठनगत त्रुटिहरूको विषयमा गरिने अनुसन्धान तथा अध्ययन विश्लेषण भाषाको स्तरीयतातर्फ अभिप्रेरित गरी भिन्न मातृभाषी विद्यार्थीलाई दोस्रो भाषाको रूपमा नेपाली भाषा शिक्षण सन्दर्भमा केही न केही सहयोग अवश्य पुग्ने देखिन्छ । साथै भावी अनुसन्धानकर्ता, विद्यार्थी, शिक्षक एवं भाषाविद्हरूको लागि समेत उपयोगी हुने भएकोले यस अनुसन्धानको औचित्य रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययनलाई त्यसको प्रयोजनले समेत आत्मनिर्देशित गर्ने हुदाँ त्यसको गहिराइ र व्यापकतालाई निश्चित परिधिमा सीमाबद्ध गर्नु आवश्यक हुन्छ । यसर्थ अध्ययनलाई निम्नानुसार सीमाबद्ध गरिने प्रयास गरिएको छ ।

क) प्रस्तुत शोध शीर्षकमा भरतपुर नगरपालिकाको वडा नं ४ का सामुदायिक तथा संस्थागत विद्यालय गरी ४ वटा विद्यालयबाट ८० जना विद्यार्थीसंख्यालाई लिइएको छ जसमा ४० जना सामुदायिक विद्यालयको विद्यार्थीसंख्या र ४० जना संस्थागत विद्यालय को विद्यार्थी संख्या रहेका छन् ।

### १.६ प्रयुक्त प्रमुख सङ्क्षिप्त शब्दहरूको परिभाषा :

| | | |
|---|---|---|
| ता.सं. | : | तालिका संख्या |
| दो.सं | : | दोस्रो संस्करण |
| नं. | : | नम्बर |
| प्र | : | प्रतिशत |
| ने.रा.प्र.प्र | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| नि | : | निर्देशक |
| पृ | : | पृष्ठ |
| मा.वि | : | माध्यमिक विद्यालय |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| वि.स | : | विद्यार्थीसंख्या |

# अध्याय दुई

# पूर्वाध्यापन सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्य

कुनै पनि उद्देश्य प्राप्तिका लागि कार्य गर्दा त्यसम्बन्धी पूर्वकार्यहरू भएका छन वा छैनन यदि भएका छन् भने कस्ता, कसरी र किन गरिएका थिए, सो सम्बन्धी लेखाजोखा गरिनु वाञ्छनीय हुन्छ । विगतको अध्ययनले वर्तमानको अध्ययनलाई मार्गनिर्देशन गर्दछ , गतिमय तुल्याउन सघाउ पुऱ्याउँछ र आवश्यक आधारभूत सीमा प्रदान गर्दै आधारशिला समेत प्रदान गर्दछ । त्यसैले पूर्वकार्यको अध्ययन महत्त्वपूर्ण होस भन्ने हेतुले यससँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययन गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको समीक्षा

पूर्वकार्यको तथा साहित्यको समीक्षा महत्त्वपूर्ण हुने कारण यस अध्ययनसँग सम्बन्धित केही साहित्यको समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ :

जगन्नाथ त्रिपाठीद्वारा, (२०३५) मानविकी र सामाजिक शास्त्र सङ्काय अन्तगर्त पदमकन्या कयाम्पसका छात्राहरूको नेपालीव्याकरण सम्बन्धी त्रुटिहरूको विश्लेषण शीर्षकमा अध्ययन गरेको देखिन्छ, यसको उद्देश्य उच्च तहमा अध्ययन गर्ने विद्यार्थीहरूको व्याकरणगत त्रुटिहरूको पहिचान गर्नु त्रुटिहरूको अध्ययन गरी निराकरण गर्नुका साथै शुद्धताप्रति सचेतता ल्याउनु र सुझाव दिनु रहेको छ ।

बलराम शिवाकोटी, (२०४८) द्वारा माध्यमिक तहमा अध्ययन गर्ने शिक्षार्थीले वर्ण विन्यासम गर्ने त्रुटि विश्लेषण एक अध्ययन शीर्षकमा शोधपत्र तयार गरेको देखिन्छ ।

भोलानाथ ढकाल, (२०५१) द्वारा कक्षा ९ मा अध्ययनरत नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन शीर्षकमा शोधपत्र तयार गरेको देखिन्छ ।

ख) नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन शीर्षकमा शोधपत्र तयार गरेको देखिन्छ ।

शान्ति प्रसाद ढकाल, (२०५७) सामान्य भाषा विज्ञान पुस्तकको व्याकरणात्मक कोटिहरू शीर्षकमा लिङ्ग, वचन, काल, भाव, पक्ष, पुरुष, करण, अकरण, आदर प्रेरणाथक जस्ता कोटिका विषयमा विश्लेषण गरेको पाइन्छ ।

चुडामणि बन्धु, (२०६४) भाषा विज्ञानका सम्प्रदाय भन्ने पुस्तकको व्यवस्थापन व्याकरणका आधारभूत मान्यताहरू शीर्षकमा भाषाको वर्ण विन्यासका लागि चार कोटिहरूको वर्णन गरेको पाइन्छ ।

रामचन्द्र लम्साल, रामप्रसाद भट्राई र श्रीप्रसाद कंडेल, (२०६४) द्धारा लेखिएको नेपाली गद्य साहित्य र भाषा नामक पुस्तकको नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय शीर्षकमा चार भाषा नामक पुस्तकको नेपालका प्रमुख भाषाहरूको सामान्य पश्चिम शीर्षक मा चार भाषा र परिवारका व्याक्तिहरूले नेपालमा वसोवास गर्ने विभिन्न जातजातिले बोल्ने भाषाहरूको विश्लेषण गरेको पाइएको छ ।

दुर्गा प्रसाद अधिकारी, (२०६७) द्धारा कपिलवस्तु जिल्लाका उच्च माध्यमिक तहमा अध्ययनरत सामुदायिक र निजि विद्यालय का विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन शीर्षकमा शोधपत्र तयार गरेको देखिन्छ ।

## २.३ समीक्षात्मक अध्ययनको प्रयोग

जगन्नाथ त्रिपाठीद्धारा लेखिएको पद्मकन्या क्याम्पसका छात्राहरूको त्रुटिहरूको विश्लेषण शीर्षकबाट व्याकरण सम्बन्धी के कसरी पत्ता लगाउन सकिन्छ सोवारेमा यस अध्ययनमा सहयोग भएको छ । अध्ययन गर्ने शिक्षार्थीले वर्ण विन्यासमा गर्ने त्रुटि विश्लेषणको अध्ययन बाट नेपाली भाषाको लेखाईमा पाइने वर्णविन्यास सम्बन्धी त्रुटिहरू हुन नदिन के कस्ता उपाय अपनाउन सकिन्छ भन्ने कुरा पत्ता लगाउन सजिलो भएको छ । शान्ति प्रसाद ढकाल (२०५६) सामान्य भाषा विज्ञान पुस्तकको व्याकरणात्मक कोटिहरू शीर्षकमा लिङ्ग वचन काल भाव पक्ष पुरुष करण, अकरण, आदरका वारेमा विश्लेषणले नेपाली भाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा अपनाउनुपर्ने विधिको बारेमा यस अध्ययनमा उतारिएको छ । दुर्गा प्रसाद अधिकारी (२०६७) द्धारा कपिलवस्तु जिल्लाका उच्च माध्यमिक तहमा अध्ययनरत सामुदायिक र निजि विद्यालय का विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययनबाट सामुदायिक र संस्थागत विद्यालय मा अध्ययनरत विद्यार्थीहरूले वाक्य

गठनमा गर्ने त्रुटिहरूको पहिचान गरी निराकरणका उपायहरू पहिल्याउन र सोही अनुसारको प्रश्नावली निर्माण गर्न सहयोग पुऱ्याएको छ । साथै माथिका विभिन्न अध्ययन बाट तालिका निर्माण व्याख्या तथा विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

## २.४ त्रुटिविश्लेषणको सैद्धान्तिक परिचय

### २.४.१ परिचय

मानिस सामाजिक प्राणी हो, भाषा सामाजिक वस्तु हो । मानिसले समाजवाटै भाषा आर्जित गर्दछ । कुनै पनि व्यक्ति एकैपटकमा भाषामा परिपूर्ण हुन सक्दैन । भाषा सिक्ने क्रममा मानिसले अनेकौं त्रुटिहरू गर्दै सच्चाउँदै सिकिरहेको हुन्छ । मानिसको भाषा सिकाइ दुई रूपको हुन्छ, पहिलो भाषा अथवा मातृभाषाको रूपमा र दोस्रो भाषा वा अन्य भाषाको रूपमा जुनसुकै रूपमा भाषा सिकेको भए तापनि यो सिकाइ त्रुटिरहित हुने भाषा नियमित वातावरणमा सिक्दछ । सिकारुले भाषा जसरी सिके तापनि त्रुटिहरूवाट आवश्यक सुधार गर्दै भाषा सिक्ने क्रम चलिरहेको हुन्छ ।

नेपाली भाषा शिक्षणका क्षेत्रमा त्रुटिविश्लेषण सन् १९७० पछि देखा परेको पाइन्छ । यसअर्न्तगत दोस्रो भाषा आर्जनलाई बुझ्ने प्रयत्न गरिन्छ । जसका लागि दोस्रो भाषा सिकिरहेका व्यक्तिका गल्तीहरूलाई सकलन गरेर लक्षित भाषाका मान्यताहरूसँग दाँजिन्छ । तत्पश्चात् त्रुटिहरूलाई वर्गीकरण गरी कारणहरू खोजी एउटा अनुमानित सिद्धान्त प्रस्तुत गरिन्छ । त्रुटिविना भाषाको आर्जन सम्भव छैन । परीक्षण गर्दै गएर सफलताको बिन्दुमा पुग्ने हो । जबसम्म भाषा सिक्दै जान्छौं तब त्रुटिलाई परिमार्जन गर्दै जान्छौं । पहिले पहिले त्रुटिलाई असफलता र बौद्धिक कमजोरीको रूपमा स्वीकार गरिन्थ्यो तर आज आएर यसलाई सफलता, प्रयास र बिकासशील प्रक्रियाको रूपमा लिइएको पाइन्छ । त्रुटिका सन्दर्भमा संरचनावादी र मनोवादीहरूको धारणा यस्तो रहेको पाइन्छ । संरचनावादीका अनुसार त्रुटि भनेको अभ्यासको कमी, आदत र असफलताको प्रतीक हो । यिनीहरू त्रुटिलाई नकात्मक पक्षबाट हेर्दै सिकाइको कमी कमजोरी ठान्दछन । त्यसैगरी मनोवादीहरूका अनुसार सिकारुले त्रुटि नगरि भाषा सिक्न सक्दैन । सिकाइमा त्रुटि हुनु भनेको विकास प्रक्रियाको सङ्केत हो । मनोवैज्ञानिक आधारअनुसार नयाँ परिस्थितिसँग समायोजन गर्नका लागि विभिन्न स्वाभाविक प्रतिक्रियाहरू गर्दछ, अचानक सफल प्रतिक्रिया वा प्रयास गर्दछ र

जसको पुनरावृति गर्न क्रमश : भुल कम गर्दै जान्छ र अन्त्यमा त्यसले उपयुक्त समयमा नै कार्य गर्दछ । यसप्रकारको सिकाइ प्रक्रियालाई प्रयत्न र भुलको सिकाइ भनिन्छ । यसबाट के प्रमाणित हुन्छ भने प्रयत्न जति गऱ्यो त्यति भुल कम हुँदै र त्रुटिमा कमी आई सिकाइ प्रभावकारी हुन जान्छ ।

### २.४.२ त्रुटिविश्लेषणको उद्देश्य

त्रुटिविश्लेषण मुख्यत : भाषाशिक्षण तथा सिकाइसँग सम्बन्धित भएकाले विद्यार्थीहरूले गर्ने त्रुटिको वर्णन र वर्गीकरणसँग सम्बन्धित अध्ययन विश्लेषण हो । त्रुटि विश्लेषणका उद्देश्यहरूलाई निम्नानुसार देखाइएको छ ।

क) सिकारुले सिकिरहेको भाषा कति जानेको छ ? पत्ता लगाउनु

ख) सिकारुले दोस्रो भाषा कसरी सिक्दछन् ? थाहा पाउनु ।

ग) भाषा सिकाइको क्रममा के कस्ता साझा समस्याहरू देखा पर्दछन ? सो वारे जानकारी प्राप्त गर्नु ।

घ) समस्या समाधानका उपायहरू के के हुन सक्छन् ? पत्ता लगाउनु ।

यिनै उद्देश्य पूर्तितर्फ यो शोध उन्मुख रहेको छ ।

### २.४.३ त्रुटि विश्लेषणको महत्व र उपयोगिता

त्रुटिविश्लेषणको महत्व र उपयोगीताहरूलाई निम्नाअनुसार बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

क) शिक्षकको शिक्षण प्रविधिमा सुधार गर्न त्रुटिविश्लेषणले मद्दत गर्दछ । विद्यार्थीले गर्ने त्रुटिहरू कतै आफ्नै कारणले त भएका होइनन् ? आफ्नो शिक्षण विधि ठिक छ कि छैन ? यो पत्ता लगाई आत्ममूल्याङ्कन गर्न समेत सहयोगी हुन्छ ।

ख) शिक्षकलाई शैक्षणिक योजना निमार्ण गर्न त्रुटिविश्लेषणले मद्दत गर्दछ । यसले आगामी योजनाहरू निर्माण गर्न सहयोग गर्दछ ।

ग) शिक्षण सामग्री निर्माण र अभ्यास गर्ने कार्यमा त्रुटिविश्लेषण सहयोगी हुन्छ ।

घ) त्रुटिविश्लेषबाट व्याकरणगत अध्यासहरूका माध्यमबाट विद्‌यार्थीका त्रुटिहरू पहिचान गरी सिकारुको क्षमता पत्ता लगाई यसमा सुधार गरी व्याकरण सिकाइमा नयाँ सूचना पुर्नर्योजित गर्न सकिन्छ ।

ङ) त्रुटि विश्लेषणका माध्यमबाट मनोभाषाविज्ञान र व्यतिरेकी भाषाविज्ञानसँग सम्बन्धित भाषा सिकाइगत पूर्वानुमानहरूको परीक्षण गर्न सकिन्छ ।

च) त्रुटिविश्लेषणबाट पहिलो र दोस्रो भाषा सिकाइको विकास प्रक्रियाको जानकारी हासिल गर्न सहयोग प्राप्त हुन्छ ।

छ) त्रुटिविश्लेषण भाषा सिकाइ प्रक्रियाको अध्ययन गर्ने क्रममा त्रुटिपरक दृष्टिले प्रत्येक भाषामा सिकाइ प्रक्रियाको अध्ययन गर्ने हुनाले सिकारुले गर्ने त्रुटिहरूको ज्ञान हुने र अर्कोतिर भाषाको सिकाइक्रम तथा प्रकृतिसमेतको जानकारी प्राप्त हुने हुँदा प्रायोगिक र सैद्धान्तिक रूपमा यो महत्त्वपूर्ण हुन्छ ।

### २.४.४ त्रुटिका स्रोत तथा कारक तत्वहरू

त्रुटिको स्रोत तथा कारक तत्वहरूको उल्लेख यहाँ गरिएको छ ।

#### २.४.४.१ स्रोतभाषा

भाषा सिकाइको क्रममा स्रोतभाषा पहिलो वा मातृभाषाको प्रकृति र विशेषताहरूले लक्ष्य भाषाको सिकाइमा प्रभाव पार्ने हुन्छ । सिकाइको लक्ष्य भाषा सिक्दा आफूले जानी सकेको स्रोत भाषाको प्रकृतिहरूलाई सामान्यीकरण गर्ने हुन्छ । यसले दोस्रो भाषाको सिकाइमा त्रुटिहरू सिर्जना गर्दछ । यदि स्रोतभाषा र लक्ष्यभाषा सम परिवारको वा सामाजिक निकटताको भाषा भए कम त्रुटि हुने र भिन्न परिवार र सामाजिक दूरत्वको भाषा भए धेरै तथा गम्भीर त्रुटिहरू हुने गरेको पाइन्छ । त्यसैले स्रोत भाषाका अनुभवलाई त्रुटिको कारक तत्व मान्न सकिन्छ ।

#### २.४.४.२ शिक्षण प्रक्रिया तथा वातावरण

त्रुटिको सम्भाव्य स्रोतमा शिक्षण प्रक्रिया तथा वातावरण पनि पर्दछ । विषयवस्तुको ज्ञान नभएको शिक्षक भाषा विचार विनियमको माध्यम हो । शुद्ध भाषा नबोल्ने साथी र

परिवारजन पनि त्रुटिका सम्भाव्य स्रोत हुन । सबै भाषा शुद्ध प्रयोग गर्नुपर्छ भन्ने दृष्टिकोण नभएको शिक्षण संस्था त्रुटिका प्रमुख स्रोत हुन ।

### २.४.४.३ सिकारुको बौद्धिकता

सिकारुको बौद्धिकता भन्नाले मानसिक सामर्थ्य भन्ने बुझिन्छ । यसको निम्ति उसलाई अनुभव, उमेर र परिपक्ताले प्रभाव पारेको हुन्छ । बौद्धिक क्षमता भएको सिकारुले बढी त्रुटिहरू गर्ने र मन्द गतिमा भाषा सिक्ने हुन्छ । यसैले बौद्धिकतालाई पनि त्रुटिको प्रभावक तत्व मान्न सकिन्छ ।

### २.४.४.४ कठिनाइ तथा जटिलता

भाषा सिक्दा भाषाका विभिन्न पक्षहरू सिक्नुपर्ने हुन्छ । भाषाका कतिपय प्रयोगहरू सामान्य हुन्छन् भने कतिपय प्रयोग कठिन र जटिल प्रवृतिका हुन्छन । सामान्य प्रवृत्तिका भाषिक प्रयोगमा सिकारुहरू कम त्रुटि गर्ने चाँडै सिक्ने हुन्छन् भने जटिल प्रवृत्तिका प्रयोगहरूमा बढी कठिनाइ र जटिलतालाई पनि त्रुटिका प्रभाव तत्वका रूपमा लिन सकिन्छ ।

### २.४.५ त्रुटिका सम्भाव्य क्षेत्रहरू

त्रुटिले भाषा सिकाइको प्रवृतिलाई जनाउँछ । त्रुटिका विभिन्न सम्भाव्य क्षेत्रहरू छन् । तीमध्ये केही त्रुटिका प्रमुख सम्भाव्य क्षेत्रहरू निम्नानुसार छन् :

#### क) उच्चारणगत त्रुटि

त्रुटिको सम्भाव्य स्रोतमध्ये एउटा प्रमुख क्षेत्र उच्चारण हो । मातृभाषा र अन्य भाषामा समान नभएमा ध्वनिको उच्चारणमा त्रुटिहरू हुन्छन । जस्तै नेपाली भाषको क्, प्, ट्, उच्चारणमा अङ्ग्रेजी मातृभाषा भएका मानिसहरूले यस प्रकारको गल्ती गर्दछन् । सही उच्चारण रातो हुनुपर्नेमा "राटो" उच्चारण गर्नु यसको उदाहरण हो ।

#### ख) शब्दरचनागत त्रुटि

शब्दरचनाको क्षेत्रमा पनि सिकारुले त्रुटि गर्न सक्छन् । जस्तै 'सहर' शब्दमा 'इया' प्रत्यय लागेर सहरिया हुन्छ भन्ने सिकेका सिकारुले 'टोल' मा 'इया' प्रत्यय लागेर टोलिया बनाउनु यस प्रकारको त्रुटि हो ।

### ग) शब्दप्रयोगगत त्रुटि

कुन शब्दको प्रयोग कहाँ गर्नुपर्छ भन्ने नजानेर गलत ठाउँमा शब्द प्रयोग गर्नु यस प्रकारको त्रुटि हो । जस्तै : दसैं, तिहार धमाका ।

### घ) रूपरचनागत त्रुटि

शब्दका रूपका सन्दर्भमा देखिएका त्रुटिहरू रूपरचनागत त्रुटि हुन । जस्तै : आदररहित एकवचन सर्वनाममा 'हरू' जोडेर बहुवचन बनाउँदा गर्ने त्रुटिहरू जस्तै ऊहरू (उनीहरू) योहरू (यिनिहरू) ओकारान्त नाममा 'हरू' जोडेर बहुवचन बनाउँदा हुने त्रुटिहरू जस्तै : घोडोहरू, डोकोहरू आदि ।

### ङ) वाक्यगत त्रुटि

वाक्यमा मातृभाषाको बलाघातका कारण विभिन्न प्रकारका त्रुटिहरू हुने गर्दछन । वाक्यगत त्रुटिहरूमा पदक्रम र सङ्गतिगत त्रुटि पर्दछन । जस्तै अङग्रेजी भाषामा He, You and will go मा पहिले तृतीय, त्यसपछि द्वितीय र अन्त्यमा प्रथम पुरुषको प्रयोग गरिन्छ भने नेपालीमा त्यस प्रकारको पदक्रम हुँदैन त्यसैले नेपाली भाषीले I, He, and you will go वनाइ दिन्छन् । दनुवारी भाषामा पुलिङ्ग र स्त्रीलिङ्गी दुवै कर्ताका लागि एउटै क्रियाको प्रयोग गर्ने गर्दछन् । उनीहरूले छोरो स्कूल' गयो छोरी स्कूल गयो भन्ने वाक्य प्रयोग गर्दछन् । यो त्रुटि मातृभाषाको सङ्गति नियमले प्रभाव पार्दछ ।

### २.४.६ त्रुटिको बर्गीकरण

भाषा सिक्ने क्रममा सिकारुहरूले गर्ने गरेका त्रुटिहरूलाई विभिन्न आधारमा हेर्न सकिन्छ । एकातिर त्रुटिलाई भाषिक एकाइका आधारमा देखाउन सकिन्छ भने अर्कोतिर यिनलाई सिकाइ प्रक्रिया, त्रुटिगत, पद्धति, प्रकृति एवं प्रवृत्तिका आधारमा पनि देखाउन सकिन्छ ।

### २.४.६.१ विकासशीलताको आधार

त्रुटिको वर्गिकरणका सन्दर्भमा एस पिट कर्डसले त्रुटिलाई तीन भागमा बाँडेका छन् :

**क) अव्यवस्थित त्रुटि**

यसप्रकारका त्रुटिलाई प्रारम्भिक त्रुटि पनि भनिन्छ। यसप्रकारको त्रुटिमा सिकारुले गर्ने त्रुटि एकै प्रकारको नभई भिन्न-भिन्न प्रकृतिका हुन्छन् । कुनै एक सिकारुले एकपल्ट एक प्रकृतिको त्रुटि गर्दछ र अर्कोपल्ट अर्कै प्रकृतिको त्रुटि गर्दछ भने त्यस्ता त्रुटिहरूलाई अव्यवस्थित त्रुटि भनिन्छ। यस्ता त्रुटिहरू अनियमित र असावधानीगत त्रुटिहरू हुन्।

**ख) व्यवस्थित त्रुटि**

शिक्षणमा सचेत हुँदाहुँदै अर्थात भाषा सिकाइमा सिकारु स्वयं सचेत हुँदाहुँदै पनि सुधार्न नसकिने त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ। व्यवस्थित त्रुटिले सिकारुको स्रोत भाषा र लक्ष्य भाषा बीचको सङ्क्रमणकालमा रहेको अवस्थाको प्रतिनिधित्व गर्दछ । प्राय : गरेर यसप्रकारको त्रुटि कुनै व्यक्तिले मातृभाषाबाहेक अन्य भाषा सिक्दा गलत सामान्यीकरण, भाषिक ज्ञानको अभाव र भ्रामक ब्युत्पतिका कारण उत्पन्न हुन्छ। तसर्थ यसप्रकारको त्रुटि समूहपरक प्रकृतिको हुन्छ। दनुवारी भाषीहरू आफ्नो मातृभाषाको नियम नेपाली भाषामा पनि आरोपित गर्दछन्। खा+यो=खायो, गर+यो=गऱ्यो, लेख्ने विद्यार्थी जा+यो=जायो, छ+यो=छयो बनाउने गल्ती गर्नु यस प्रकारको त्रुटि हो । यस्तो त्रुटि गलत सामान्यीकरणबाट हो।

**ग) उत्तरव्यवस्थित त्रुटि**

भाषाका नियमहरूको ज्ञान भइसकेर पनि सिकारुले असावधानीपूर्वक गलत गरी हुने त्रुटिलाई उत्तरव्यवस्थित त्रुटि भनिन्छ। सैद्धान्तिक नियमहरूको ज्ञान भएर पनि अभ्यासको कमी र असावधानीले यस्ता त्रुटिहरू हुन्छन। यस्ता त्रुटिहरू अस्थिर हुन्छन्। सचेत प्रयोग र अभ्यासले त्रुटिहरूको न्यूनीकरण गर्न सकिन्छ।

### २.४.६.२ स्रोतका आधारमा

शिक्षार्थीले भाषाको कुन स्रोतबाट त्यस्तो त्रुटि गरेको हो । सो अनुसार त्रुटिलाई भिन्न भिन्न वर्णन राख्न सकिने देखिन्छ । यसलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । (अधिकारी, २०६२:१४८)

#### क) भाषान्तरिक त्रुटि

सिकारुले सिकिरहेकै भाषाको भाषिक व्यवस्थासँगै सम्बन्धित त्रुटिलाई भाषान्तरिक त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू सिकिरहेको भाषका नियमहरूको गलत ठम्याई र सामान्यीकरणबाट गर्दछ । खायो, पढ्यो, शब्दमा खा, पढ् हुन् भनेर पढेको सिकारुले भन्यो र गयो को धातु 'भ' र 'ग' हुन् भनी बुझ्नु यसप्रकारको त्रुटि हो ।

#### ख) अन्तरभाषिक त्रुटि

सिकारुले सिकिरहेको भाषिक व्यवस्थासँग सम्बन्धित नभई अन्य भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ । यसप्रकारको त्रुटि लक्ष्य भाषासँग सम्बन्धित नभई स्रोत भाषाको भाषिक व्यवस्थासँग सम्बन्धित हुने गर्दछ । जस्तै : तिमीहरू त धेरै आउँदैन । तपाई त राम्रो मान्छे हो । तिमी जानुहुन्छ आदि ।

### २.४.६.३ भाषकोटिको आधार

भाषाका विभिन्न कोटि (तह) हरू हुन्छन । जस्तै : उच्चारण वर्णविन्यास , व्याकरणगत अर्थतात्विक, शब्दभण्डारगत, वाक्यसंरचनागत शैलीगत आदि । यी विभिन्न तहहरूमा सिकारुले विभिन्न प्रकारका त्रुटिहरू गर्ने गर्दछन । यसरी त्रुटि भाषाको कुन कोटिको हो, सो कुरा पहिचान गरी भाषा सिकाइका त्रुटिहरूको न्यूनीकरण गर्न सकिन्छ । त्रुटि विश्लषण गर्दा प्राप्त त्रुटिहरू भाषाको कुन कोटिको त्रुटि हो सो पत्ता लगाउनु आवश्यक हुन्छ । यसबाट भाषाको त्रुटिको स्रोत पहिचान गरी त्रुटि निराकरणका उपायहरू पत्ता लगाउन सजिलो पर्दछ । विशेषत सिकारुका त्रुटिहरू भाषकोटिभित्र कै विभिन्न पक्षसँग सम्बन्धित रहेका हुन्छन ।

### २.४.६.४ गम्भीरताको आधारमा

भाषाको मुख्य कार्य विचारको विनियम गर्नु हो । भाषाले विचारको वहन गर्ने हुँदा भाषामा अर्थ हुन्छ । विचारका विनिमय गर्ने कार्यमा कुनै त्रुटिले बाधा पुऱ्याउँछ भने कुनै त्रुटिले बाधा पुऱ्याउँदैन । यसरी अर्थको गम्भीरताको आधारमा त्रुटिहरू दुई प्रकारका हुन्छन् अर्थबाधक र अर्थअबाधक ।

**क) अर्थबाधक**

जुन त्रुटि हुँदा बुझ्न सकिदैन, यस्तो त्रुटिलाई अर्थबाधक त्रुटि भनिन्छ । जस्तै : दाजुभाइ, मामाघरको शब्दनिर्माण प्रक्रिया देखाउँदा दाजु+भाइ, मामा+घर हुन्छ भन्ने बुझेपछि कुरासुरा, मरमसला, कुरा+सुरा र मर+मसला हुन्छ भनी ठान्नु त्रुटिपूर्ण हुन्छ । तसर्थ यस्तो त्रुटि अर्थबाधक त्रुटि हो ।

**ख) अर्थअबाधक त्रुटि**

जुन त्रुटिले विचार विनियम गर्नमा बाधा उत्पन्न गर्दैन वा जुन त्रुटि हुँदा पनि अर्थमा कुनै बाधा हुँदैन, त्यस प्रकारको त्रुटिलाई अर्थअबाधक त्रुटि भनिन्छ । नेपाली भाषामा हिज्जेगत त्रुटिहरू यसप्रकारका त्रुटिहरू हुन । जस्तै अघि-अघी, सहिद-सहीद पनि-पनी लेखेर त्रुटिहरू भएको भए तापनी यसले अर्थमा कुनै बाधा पार्दैन । अर्थमा बाधा नपार्ने भए तापनि भाषाको लेख्य नियम भङ्ग गर्ने भएकाले यस्ता त्रुटि गर्न छुट दिन सकिँदैन ।

### २.४.६.५ व्यापकताको आधार

कुनै पनि सिकारुले भाषा सिक्दा भाषाको कुन र कतिसम्मको त्रुटि गरेको छ, त्यसलाई सीमाङ्कन गर्न व्यापकताको आधार लिइन्छ । व्यापकताको आधारबाट त्रुटिलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

**क) शब्दगत (आंशिक) त्रुटि**

कुनै वाक्यको खास अंशमा देखिने त्रुटिलाई आशिंक त्रुटि भनिन्छ । यसप्रकारको त्रुटि वाक्यको कुनै एक शब्द (पद) मा सीमित हुने भएकाले यसलाई शब्दगत त्रुटि पनि भनिन्छ ।

यसप्रकारको त्रुटि अर्थबाधक नभएर अर्थअबाधक प्रकृतिको हुन्छ । जस्तै :कुकुर जानुभयो, हामीहरू जान्छु आदि ।

### ख) पदावलीगत (समग्र) त्रुटि

कुनै पनि वाक्यको संरचनागत त्रुटि हुनाका साथै अर्थबाधक त्रुटि हुन गए त्यस्तो त्रुटि पदावलीगत तथा समग्र त्रुटि हुन जान्छ । यस्तो त्रुटिलाई गम्भीर त्रुटिका रूपमा हेरिन्छ । जस्तै : त्यो केटाहरू आयो । तपाईको ससुरा गयो आदि ।

### २.४.६.६ स्वरूपको आधारमा

त्रुटिको बाह्य स्वरूप कस्तो छ ? त्यसका आधारमा गरिएको त्रुटिको बर्गीकरण नै स्वरूपको आधारमा त्रुटिको वर्गीकरण भनिन्छ । यस्ता त्रुटिहरू दुई प्रकारका हुन्छन् :

### क) लोपगत त्रुटि

सिकारुले सिकिरहेको भाषा बोल्दा वा लेख्दा कतिपय वर्ण, शब्द आदि छुट्याउने हुन्छ । यस्तो त्रुटिलाई लोपगत त्रुटि भनिन्छ । जस्तै : मामन्त्री (महामन्त्री ) समति (समिति) माराज (महाराज) आदि ।

### ख) थपोटगत त्रुटि

कुनै त्रुटि हुँदा वासतविक स्वरूपमा केही कुरा थपिएर आउँछ भने त्यस्तो त्रुटिलाई थपोटगत त्रुटि भनिन्छ । जस्तै : इस्कुल (स्कुल) परभा (प्रभा) परधान (प्रधान ) मईले (मैले) गरिभ्यायो (गऱ्यो) आदि ।

### २.४.६.७ औचित्य /अनौचित्यको आधार

भाषाका सिकाइले गर्ने त्रुटिलाई औचित्यपूर्ण र अनौचित्य पूर्ण गरी वर्गीकरण गर्न सकिन्छ । कतिपय त्रुटिहरू व्याकरणिक दृष्टिले त्रुटिपूर्ण देखिए तापनि सन्दर्भगत दृष्टि सही हुन सक्छ, त्यस्तो त्रुटिलाई औचित्य पूर्ण त्रुटि मान्न सकिँदैन । जुन त्रुटिलाई व्याकरण र सन्दर्भ दुवै दृष्टिले त्रुटि मानिन्छ । त्यस्तो त्रुटिलाई औचित्यपूर्ण त्रुटि मानिन्छ । जस्तै : नेपाली भाषामा 'गिता बजार गएकी छ' । व्याकरणगत दृष्टिले त्रुटि भए पनि सन्दर्भ वा प्रयोगका दृष्टिले त्रुटि मान्ने परम्परा हट्दै छ । त्यसैले यसलाई औचित्यपूर्ण त्रुटि मान्न सकिन्न । नेपाली

भाषामा ‘मेरो बाबा आयो’ । व्याकरणात्मक र सन्दर्भगत दुवै दृष्टिले त्रुटियुक्त छ । त्यसैले यसलाई औचित्यपूर्ण त्रुटि मान्न सकिन्छ । त्यस्ता त्रुटिहरूको विश्लेषण गर्नु नै त्रुटिविश्लेषणको कार्य क्षेत्र हो ।

### २.४.७ त्रुटिविश्लेषण पद्धति

वास्तवमा त्रुटिविश्लेषण भाषा शिक्षणका सन्दर्भमा लागु गरिने प्रक्रिया हो । कुनै पनि प्रक्रियाको क्रम र विधि हुन्छ । त्रुटिविश्लेषण प्रक्रियाको पनि क्रम तथा विधि हुन्छ । मुख्यतः विधि र प्रकृतिको आधारमा त्रुटिविश्लेषण पद्धतिहरू दुईवटा छन् :- पूर्वनिर्धारित कोटि र पश्चनिर्धारित कोटि पद्धति ।

#### २.४.७.१ पूर्वनिर्धारित कोटि पद्धति

यस पद्धतिमा सिकारुहरूले के कस्ता भाषा व्याकरणगत त्रुटिहरू गर्दछन् भनेर पूर्वानुमान गरेर मात्र सिकारुहरूको प्रयोगगत अभिव्यक्तिको अध्ययन विश्लेषण गर्न सुरु गरिन्छ । सिकारुहरूको भाषिक प्रयोगसँग सम्बन्धित अभिव्यक्तिबाट प्राप्त त्रुटिहरूलाई पूर्वनिर्धारित व्याकरणगत कोटिहरूको स्तम्भमा टिपोट गर्ने गरिन्छ । यस प्रकारको त्रुटिविश्लेषण पद्धति कुनै खास समूहले के कस्ता व्याकरणात्मक कोटिहरूमा त्रुटि गर्दछन भन्ने कुराको पूर्वज्ञान विश्लेषकलाई थाहा भएको हुनुपर्दछ । यसले सिकारुले कुन पक्षसँग सम्बन्धित कस्तो त्रुटि गरेको हुन्छ भन्ने कुरा पत्ता लगाइन्छ । यस पद्धतिबाट गरिएको विश्लेषणले कुनै पनि सिकारुले भाषा प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन नगरी पूर्व निश्चित खास क्षेत्र वा पक्षको माग विश्लेषण गर्दछ । यो पद्धति त्रुटिविश्लेषणको त्रुटिविश्लेषणकर्ताद्धारा नियन्त्रित प्रकृतिको हुन्छ ।

#### २.४.७.२ पश्चनिर्धारित कोटि पद्धति

त्रुटि विश्लेषणको क्षेत्रमा पश्चनिर्धारित कोटि पद्धति पूर्वनिर्धारित कोटि पद्धतिको ठिक विपरित पद्धति हो । यसमा सिकारुको भाषिक प्रयोगगत अभिव्यक्ति विश्लेषणका आधारमा उसले के कस्ता किसिमका त्रुटिहरू गर्दछ भन्ने कुरा पत्ता लगाइन्छ । सिकारुहरूले खास पक्षहरूमा कुन प्रकृतिको त्रुटि गर्दछन भन्ने कुरा पत्ता लगाउन यस प्रकारको पद्धतिभन्दा पुर्वनिर्धारित कोटि पद्धति बढी उपयोगी हुन्छ तर एउटा सिकारुले खास अभिव्यक्तिका

क्रममा गर्ने त्रुटिहरू पहिचान गर्न पश्चनिर्धारित कोटि पद्धति पूर्वनिर्धारित कोटि पद्धतिभन्दा बढी उपयोगी हुन्छ ।

### २.४.८ त्रुटिविश्लेषण प्रक्रिया

सिकारुले भाषा सिकाइको क्रममा गर्ने त्रुटिहरूको विश्लेषण कसरी गर्ने भन्ने नै त्रुटिविश्लेषण प्रक्रिया हो । कुनै पनि प्रक्रिया पूरा गर्न विभिन्न क्रम र चरणहरू पार गर्नुपर्दछ । जुनसुकै पद्धति अपनाएर त्रुटिहरूको अध्ययन विश्लेषण प्रक्रिया सम्पन्न गर्दा यी प्रक्रियागत चरणलाई पूरा गर्नुपर्दछ ।

#### क) त्रुटिको सङ्कलन

विद्यार्थीहरूले मौखिक वा लिखित अभिव्यक्तिहरूमा गर्ने त्रुटिको सङकलन गर्नुपर्दछ । त्रुटिको सङकलन गर्नु अघि त्रुटि हो वा होइन भनेर पहिचान गर्नुपर्दछ । त्रुटि पहिचान गर्ने व्यक्तिमा निम्नलिखित कुराहरू हुनु आवश्यक छ :

अ) सम्बन्धित भाषाको व्याकरणको ज्ञान

आ) सम्बन्धित भाषाको अभिव्यक्तिको ज्ञान

इ) धैर्य

कुनै प्रयोग त्रुटि र त्रुटिविहीन दुवै रूपमा भेटियो भने त्यो विद्यार्थीको अन्यौलको स्थिति भनी बुझ्नुपर्छ । यसरी त्रुटिको पहिचान गर्दा सम्भाव्य गल्ती प्रयोगहरू असावधानीगत वा नियमित के हुन् ? सो को ख्याल गर्नुपर्दछ ।

#### ख) त्रुटिको वर्गीकरण

त्रुटिको पहिचान वा सङकलन गरेपछि त्रुटिहरू कुन कुन प्रकृतिका छन् भनेर वर्गीकरण गर्नुपर्दछ । त्रुटिहरूको वर्गीकरणका लागि विकासशीलता, भाषा कोटि, स्रोत , गम्भीरता, व्यापकता , स्वरूप, औचित्य, अनौचित्य आदिलाई आधार लिनुपर्दछ ।

#### ग) त्रुटिको ब्याख्या /वर्णन


त्रुटि कुन प्रकृतिको हो ? त्रुटि हुनाका कारणहरू के-के हुन् ? त्रुटि मातृभाषाको कारणले उत्पन्न भएको हो ? त्रुटि पाठ्यसामग्रीको अनुपयुक्तताबाट उत्पन्न भएको हो ? आदि

विषयको व्याख्या गर्ने काम त्रुटि विश्लेषणअन्तर्गत पर्दछ । त्रुटि कुन क्षेत्रसँग सम्बन्धित छ ? (उच्चारण, शब्दरचना, रूप रचनागत , शब्द प्रयोगत, वाक्यगत, वर्णविन्यनसगत ) सो पत्ता लगाउने काम त्रुटिको व्याख्याअन्तर्गत पर्दछ ।

### घ) त्रुटिको निराकरण

विश्लेषकले त्रुटिहरूको अध्ययन विश्लेषबाट प्राप्त तथ्याङ्कहरूका आधारमा तिनको निराकरण गर्ने उपाय अपनाउनु तथा त्यस्ता उपायहरू सुल्झाउनु पनि उपयुक्त हुन्छ । त्यसैले त्रुटि विश्लेषणको खास प्रयोजन शिक्षार्थीहरूमा निहित त्रुटिहरूको निराकरण गर्नु हो ।

**त्रुटिको निराकरण**




**(ढुङ्गेल र दाहाल , २०५८: १९८)**

### २.५ वाक्यगठनसम्बन्धी कोटिहरूको सैद्धान्तिक परिचय

### २.५.१ परिचय

भाषा प्रयोगका क्रममा देखिएका विविध समस्याहरूको अध्ययन विश्लेषणमा भाषविज्ञानलाई प्रायोगिक भाषाविज्ञान भनिन्छ । प्रायोगिक भाषाविज्ञान सबैभन्दा पछि विकसित भएको

शाखा हो । यसअन्तर्गत सामाजिक  भाषाविज्ञान, मनोभाषाविज्ञान, अनुवाद भाषा विज्ञान, शैक्षिक भाषविज्ञान, शैलि भाषाविज्ञान, सङ्‌गठन विश्लेषण, व्यतिरेकी त्रुटिविश्लेषण र कोशविज्ञान आदि जस्ता विषय क्षेत्रहरूको अध्ययन गरिन्छ ।

भाषा सिक्ने शिक्षार्थीहरूले के कस्ता त्रुटिहरू गर्दछन् र ती त्रुटिहरू के-कति कारणले हुन्छन् भनी अध्ययन गर्ने विषयलाई त्रुटिविश्लेषण भनिन्छ । भाषा शिक्षणका सम्बन्धमा त्रुटिविश्लेषणको शुभारम्भ सन् १९७० को दशकभन्दा पछि भएको हो । सिकारुले सिकाइको क्रममा त्रुटि गर्नु स्वभाविक हुन्छ । त्रुटिलाई सिकाइको प्रक्रियाको कमजोरी मान्नु हुदैन । स्वाभाविक प्रक्रिया मानेर निराकरणका लागि सम्बन्धित पक्षले विशेष सावधानी अपनाउनु पर्ने हुन्छ । भाषा सिक्ने सिकारु मातृभाषी भए पनि वा विमातृभाषी भए पनि त्रुटि गर्दछन् तर ती त्रुटिहरूको प्रकृति भने फरक किसिमको हुन्छ । हुन त त्रुटिविश्लेषण दोस्रो भाषा सिकाइका लागि नै विकसित भएको हो तर यसलाई मातृभाषाको सिकाइका सन्दर्भमा प्रयोग गर्न नसकिने होइन । नेपाली शिक्षार्थीहरूले वाक्यगठन र वर्णविन्यासमा विशेष त्रुटि गरेको पाइन्छ । वाक्यगठन भाषा शास्त्रको व्याकरणशास्त्रको पक्षको रूपमा रहेको पाइन्छ । वाक्यगठनविना भाषा सरल सुसङ्गठित , व्यवस्थित र नियमित रूपमा सञ्चालन हुन सक्दैन । भाषालाई निश्चित अर्थ दिन अभिव्यक्ति पत्ता लगाउन प्रष्ट पार्न पनि वाक्यगठनका विभिन्न पक्षहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन । निश्चित तथा सङ्गठित रूपमा सामान्यार्थक बोध गर्ने व्याकरणिक र कोशीय अर्थ पनि वाक्यगठनका विविध पक्षहरूबाट नै ज्ञात हुने भएकाले वाक्यगठनको महत्त्वपूर्ण भूमिका रहेको प्रष्ट हुन्छ । वाक्यगठनसम्बन्धि सामान्य परिचर्चा गर्नेक्रममा निम्न विद्धानहरूका अभिव्यक्ति र आशयलाई मनन् गर्नु सान्दर्भिक देखिन्छ ।

क) व्याकरणात्मक कार्यअन्तगत प्रतययहरूद्धारा सङकेत लिङग , वचन, पुरुष, काल, पक्ष,वाच्य, कारक, आदि जनाउँछ । नेपाली भाषामा शब्द र क्रियासँग सम्बद्ध हुन आउने विभिन्न किसिमका प्रत्ययहरूद्धारा यी कोटिहरूको बोध हुन्छ (बन्धु २०५३:८३:८४) ।

ख) व्याकरणिक अर्थको अभिव्यक्तिका लागि गरिने परिवर्तनलाई रूपायन भनिन्छ -शर्मा, २०५३:५०) उनका अनुसार व्याकरणिक अर्थले वाक्यगठनका  पक्षहरू लिङ्ग, वचन, कारक, काल, पक्ष, भाव, आदिलाई बुझाउँछ भन्ने कुरा उल्लेख छ ।

ग) शब्दमा गरिने रूपायनले त्यस शब्दको कोटिमा परिवर्तन गरिदिन्छ । व्याकरणात्मक अर्थको परिवर्तनका लागि शब्दमा विभिन्न लिङ्ग,वचन, पुरुष,कारक, काल, पक्ष, भाव, जनाउने गरी रूपायन प्रत्ययहरू गाँसिन्छन् (ढकाल २०५७:१३० ।)

घ) वाक्यमा लिङ्ग, वचन, पुरुष, कारक, काल आदि छुटिएनन् भने शब्दहरू जिउन सक्दैनन् जसबाट वाक्यमा अव्यवस्थित आउँछ । (पराजुली ,२०६०:६९ ) । यसरी व्याकरणिक कोटिका आधारमा शब्दहरूले आफ्नो कार्य गर्दछन् ।

व्याकरणात्मक अर्थ परिवर्तनका लागि शब्दमा वाक्यगठनका तत्वहरू अपरिहार्य हुन्छन। माथिका भनाइहरूबाट के प्राप्त हुन्छ भने व्याकरणिक कोटि भाषा तथा शब्दवर्गको जीवन्त पक्ष हो । यसले शब्द - शब्दबीचको अन्तरसम्बन्ध देखाउनुका साथै व्याकरणात्मक कार्यको बोध गारउँछ र शब्दले निश्चित अर्थ प्रदान गर्दछ ।

### २.५.३ वाक्यगठनका तत्वहरू

वाक्यगठनका पक्षहरूका सम्बन्धमा पनि विद्धानहरू बीच फरक फरक धारणा रहेको पाइन्छ ।

क) वाक्यगठनअन्तर्गत नाम , सर्वनाम, विशेषण,क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात, आदि पदवर्गको साथै लिङ्ग, वचन, पुरुष, कारक काल, पक्ष, भाव,वाच्य आदि सबै पर्दछन । पदवर्गकै आधारमा लिङ्ग, वचन , कारक आदिको रूपायन हुने भएकोले यी सबै वर्गलाई एकै समुहमा राख्नुपर्दछ (त्रिपाठी तथा अन्य, २०३७ : २८२) ।

ख) व्याकरणात्मक धारा ती हुन जसले विभिन्न वस्तु विचार र भाव जनाउने पदवर्गका अतिरिक्त रूपायन भई वा विभिन्न प्रत्ययहरू थपी व्याकरणात्मक कार्य निष्पन्न गर्दछन् (बन्धु , २०५३:८३:८४) ।

यस भनाइबाट लिङ्ग, वचन, काल, भाव, पक्ष ,वाच्य ,कारक, आदि आठ पक्षलाई व्याकरणिक पक्ष भनिएको हो ।

त्यसैगरि शान्तिप्रसाद ढकालले आफनो कृति सामान्य भाषाविज्ञान मा रूपायन कोटिहरू भनेर लिङ्ग, वचन, पुरुष ,कारक, पक्ष, भाव, आदर, करण, अकरण आदिलाई मानेका छन ( ढकाल , २०५७ :१३१) । उपयुक्त भनाइबाट नेपाली भाषामा वाक्यगठनका तीन पक्ष

मानिएका छन ती सँग सम्बन्धित व्याकरणिक कोटिहरू वा पक्षहरू वचन ,लिङ्ग, पुरुष, काल, भाव, पक्ष, वाच्य, कारक, र आदर नै हुन । यी तत्वहरूसम्बन्धी सामान्य सैद्धान्तिक जानकारी क्रमश : प्रस्तुत गरिएको छ ।

**क) वचन**

वचन संख्यासँग सम्बन्धित व्याकरणात्मक धारा हो । नेपाली भाषामा वचन दुई प्रकारका छन् : एकवचन र बहुवचन । नेपालीका नाम, सर्वनाम, विशेषण र क्रियापदमा वचन भेद देखाइन्छ । वचनको सम्बन्धमा विभिन्न भाषाविदहरूले आ-आफ्नै तरिकाबाट परिभाषा गरेको देखिन्छ ।

अ) 'एक वा अनेक पदार्थ बुझाउने शब्दको स्वरूपलाई वचन भनिन्छ' (शर्मा सोमनाथ, २०४०:२६ ) ।

आ) 'वचनको सम्बन्ध मुख्यत : संख्यासँग सम्बन्ध रहन्छ यसले संख्याको अतिरिक्त अरू किसिमको काम गर्छ । वचनको नाम र सर्वनाम विशेषण र क्रिया आदिमा सम्बन्ध रहेको पाइन्छ' (बन्धु ,२०५३:८४ ) ।

इ) एक वा अनेक छुट्याउने शब्दको नाम वचन हो' (पराजुली ,२०६०:८२:८३ ) ।

ई) 'वचन  नामको संख्यासँग सम्बन्धित कोटि हो । त्यसैले यसको सम्बन्ध संखया नामसंग रहेको हुन्छ' (अधिकारी, २०६२:८०) ।

उ) 'वाक्यमा नामको एक वा अनेक संख्या अनुसार सबै विकारी (नाम, सर्वनाम, विशेषण,र क्रिया ) पदमा देखिने प्रत्यय वा संरचनाको भेदलाई वचन भनिन्छ , जुन विश्वकै भाषामा पाइने नामको एउटा लिङ्ग जस्तै व्याकरणिक कोटि हो' (पोखरेल, २०५६:९६ ) ।

ऊ ) 'संख्या बुझाउने व्याकरणको चिह्नलाई वचन भनिन्छ' (बराल र एटम, २०६२:४१ ) ।

उपयुक्त परिभाषाबाट के बुझ्न सकिन्छ भने वचनको परिभाषा भिन्न भिन्न किसिमले दिनुका साथै भाषाको प्रकृतिअनुसार वचनको व्यवस्था गरिएको पाइन्छ । नेपाली भाषामा वचनको सम्बन्ध नाम, सर्वनाम, विशेषण र क्रियामा रहेको पाइन्छ ।

**ख) लिङ्ग :**

लिङ्ग मूलत : नामसँग सम्बन्धित रहेको पाइन्छ । नामको लिङ्गलाई शब्दस्तरमा हेर्दा मानव, अमानव, पुरुष, स्त्री, सजीव, निर्जीव अमूर्त, मूर्त, कोमल, कठोर, आदि विभिन्न प्रकारमा छुट्याउन सकिन्छ । नेपाली भाषामा दुईवटा संस्कृत भाषामा जर्मन, पोलिश, अरवेली, र रुसी भाषामा तीन लिङ्गको व्यवस्था भएको पाइन्छ । अफ्रिकाको वान्ट भाषामा २५ वटा लिङ्गको व्यवस्था पाइन्छ । लिङ्गलाई परिभाषित गर्ने क्रममा विभिन्न भाषाविद्हरूको आ-आफ्नो भनाइ रहेको पाइन्छ । तिनलाई निम्नानुसार देखाउन सकिन्छ :

अ) 'लिङ्ग नामसँग सम्बद्ध व्याकरणात्मक धारा कोटि हो' (वन्धु , २०५३:८४ ) ।

आ) 'जुनसुकै भाषाका वाक्यमा नामसँग अर्को कुनै शब्द (सर्वनाम, विशेषण, सम्बन्धपद र क्रिया) को पदसङ्गतिका भेदले जति किसिमको अर्थभेद देखिन्छ ,त्यसलाई लिङ्ग भनिन्छ '( पोखरेल, २०५६:८७ ) ।


इ) 'लिङ्ग मूलत : नामसँग सम्बन्धित हुन्छ' (अधिकारी, २०६२:६५ ) ।

ई) 'स्त्री पुरुष र निर्जीव वस्तुका विषयमा ज्ञात गराउने शब्दको रूप लिङ्ग हो'

(पराजुली २०६२:७९ )

उ) 'नेपाली भाषाको वर्णात्मक व्याकरणमा निम्नानुसारको लिङ्ग व्यवस्था पाइन्छ'

(ढकाल, २०६५:१९५) ।




२) मानवेत्तर :

उपर्युक्त विभिन्न विद्वान तथा भाषा शास्त्रीहरूका भनाइबाट के प्रष्ट हुन आउँछ भने लिङ्ग, पुरुष,स्त्री, वा निर्जिव जातिको बोध गराउने व्याकरणिक कोटि वा धारा हो ।

**ग) पुरुष**

कुनै कुरा बोलेको बेलामा बोलचालका सहभागिहरूको परिस्थितिगत प्रकृति व्यक्त गर्ने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । यस सन्दर्भमा भाषाविदहरूले पुरुषको परिभाषा निम्नाअनुसार व्यक्त गरेका छन :

अ) बन्धुका अनुसार, 'सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटिलाई पुरुष भनिन्छ ।' (२०५३ :८५) उनका अनुसार पुरुष तीन प्रकारका छन :

| **एकवचन :** | **बहुवचन** |
|---|---|
| उत्तम पुरुष : म भात खान्छु । | हामी बजार जान्छौं । |
| मध्यम पुरुष : तँ खेल्छस । | तिमिहरू घुम्छौं । |
| अन्य पुरुष : ऊ जान्छ । | उनीहरू जान्छन । |

आ) पोखरेलका अनुसार 'कुनै कुरा बोलेका बेलामा बोलचालका सहभागिहरूको परिस्थितीगत प्रकृति व्यक्त गर्ने व्याकरणिक कोटिलाई पुरुष भन्ने चलन छ ।' (२०५६:१०२) बन्धुको परिभाषा र पोखरेलको परिभाषा तथा वर्गीकरण मिल्दछ ।

इ) अधिकारीका अनुसार पुरुषले कथनका सन्दर्भमा संलग्न भएका सहभागिहरूको प्रकृतिलाई जनाउँछ । यो विशेषत : सर्वनामसँग सम्बन्धित हुन्छ (अधिकारी २०६२ :८८) यिनले पुरुषलाई तीन भागमा बाँडेका छन् :प्रथम, द्धितीय र तृतीय ।

ई) बराल र एटमका अनुसार 'व्यक्तिलाई बुझाउने व्याकरणको चिह्नलाई पुरुष भनिन्छ ।'( बराल र एटम, २०६२:४३) अधिकारीको वर्गीकरणसँग बराल र एटमको पुरुषको वर्गीकरण मिल्दछ ।

माथिका परिभाषाबाट के बुझिन्छ भने सिकारुले व्यक्तिलाई बुझाउँछ । यो सर्वनाम र क्रियासँग सम्बद्ध कोटि हो । यसले वक्ता, श्रोता, र अन्य व्यक्तिलाई जनाउँछ नेपाली भाषामा पुरुष तीन प्रकारका छन : प्रथम पुरुष, द्धितीयपुरुष र  तृतीय पुरुष ।

**घ) काल**

काल एउटा व्याकरणात्मक कोटि हो । यस कोटिको प्रयोग क्रियाको वर्णनात्मक सन्दर्भमा गरिन्छ । कल यस्तो रीत वा ढङ्ग हो, जसद्धारा क्रियामा वर्णित कार्य व्यापारको वा अवस्थाको समय जनाइन्छ । काल मुख्यत : तीन प्रकारका छन् : वर्तमान, भविष्यत र भूत कालको परिभाषालाई विभिन्न विद्धानहरूले निम्नाअनुसार आ-आफनो धारणा गरेका छन् :

अ) बन्धुका अनुसार 'काल समयसँग सम्बद्ध व्याकरणात्मक कोटि हो' (बन्धु, २०५३ : ८३) ।

आ) कृष्णप्रसाद पराजुलीका अनुसार 'कालले क्रियाको विभिन्न अवस्था र समयलाई जनाउँछ' (पराजुली २०६०८७) ।

इ) अधिकारीका अनुसार 'काल क्रियापदको समय सङ्केत कोटि हो' (अधिकारि २०६२ : १७७) ।

ई ) बराल र एटमका अनुसार 'क्रियापदले वर्णन गरेको काम वा अवस्थाको समयलाई काल भनिन्छ' (बराल र एटम २०६२ : ११४ ) ।

उपर्युक्त परिभाषाहरूबाट के बुझिन्छ भने क्रियाको रूप र सो रूपमा वर्णित कार्य वा अवस्थाको समय माझ हुने सम्बन्धलाई काल भनिन्छ । क्रियाको कार्य व्यापार वा अवस्थासँग जोडिएको समयलाई बुझाउँछ ।

**ङ) पक्ष**

पक्षको सम्बन्ध क्रियाको कालसँग छ । क्रियाको काल पक्षहरूमा वितरित हुन्छ । कालको विशेषत अवस्था वा परिस्थितिमा घटित क्रियाको बोध गराउने वाक्यगठनको कोटिलाई पक्ष भनिन्छ । यसरी कुनै पनि काम कुन कालवधिमा भयो भन्ने कुरा अवगत गराउँछ । पक्षका सम्बन्धमा प्रस्तुत गरिएका केहि विद्धानहरूका परिभाषा यस प्रकार छन :

अ) बन्धुका अनुसार 'पक्ष क्रियासँग सम्वद्ध व्याकरणात्मक कोटि हो र यसले काम कुन कालवधिमा भयो भन्ने कुरा वताउँछ ' (बन्धु २०५३:८६ ) ।

आ) मोहनराज शर्माका अनुसार 'पक्ष भनेको क्रियाका कालको अवधि र अवस्था हो, पक्षको सम्बन्ध क्रियाको कालसँग छ । नेपाली व्याकरणमा पक्षलाई विशेष काल पनि भनिन्छ' (शर्मा ,२०५५:१२२ ) ।

इ) यादव र रेग्मीका अनुसार 'पक्षलाई विशेष काल पनि भनिन्छ । क्रियामा व्यक्त समाजसँग क्रियामा व्यक्त घटनाको अवस्थालाई जोडने व्याकरणिक अभिलक्षण पक्ष हो' ( यादव र रेग्मी, २०५९:२०७ ) ।

ई हेमाङ्गराज अधिकारीका अनुसार 'पक्षले खास कालको परिवेशभित्र क्रियाका कार्यको प्रकृति तथा विवरणलाई जनाउँछ' (अधिकारी, २०६२:१२१ ) ।

**च) पक्षको वर्गीकरण :**

नेपाली भाषामा पक्षका सन्दर्भमा यति नै पक्ष छन् भन्ने कुरामा विद्वान् वर्गमा मतैक्य पाइँदैन । चूडामणि बन्धुका अनुसार पक्ष पूर्ण, अपूर्ण, सामान्य गरी विभिन्न प्रकारका हुन सक्ने कुराप्रति सङ्केत गर्दछन् भने अधिकारीले नेपालीमा मूलत : अपूर्ण पूर्ण, अभ्यस्त, र अज्ञात गरी चार भूतकालका सामान्य, अभ्यस्त, अपूर्ण, पूर्ण र अज्ञात गरी पाँच पक्ष र अभूत कालमा सामान्य, अपूण र पूर्ण गरी तीन पक्षहरू हुने कुरा बताएका छन् ।

विभिन्न विद्वानहरूमा मतैक्य नदेखिए तापनि पक्षलाई यसरी वर्गीकरण गर्नु उपयुक्त नै देखिन्छ ।

अ. वर्तमान काल - सामान्य, पूर्ण र अपूर्ण ।

आ. भविष्यत काल -सामान्य, पूर्ण, अपूर्ण र सम्भावना ।

इ. भूत काल - सामान्य, पूर्ण, अपूर्ण, अज्ञात र अभ्यस्त ।

**छ) भाव**

वाक्यमा वृत्ति जनाउने क्रियारूपलाई भाव वा अर्थ भन्दछन । यसले क्रिया मार्फत् वाक्यमा वक्ताको निश्चय, अनिश्चय, सम्भावना, विन्ती, इच्छा, आज्ञा,सन्देह आदि अर्थ , भाव वा वृत्तिलाई जनाउँछ । यो पनि काल र पक्षभैँ क्रियासँग सम्बद्ध भएको हुँदा यसको अभिव्यक्ति

पनि वाक्यको क्रियामा हुन्छ । भावका सम्बन्धना व्यक्त गरिएका केहि विद्धानहरूको अभिमतहरू यसप्रकार छन् :

अ) बन्धुका अनुसार 'क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो र यसको सम्बन्ध पुरै वाक्यसँग रहन्छ' (बन्धु २०५३ : ८७ ) ।

आ) ओभ्ना र सुवेदीका अनुसार ' वक्ताद्धारा व्यक्त आशयलाई भाव वा अर्थ भनिन्छ । अभिव्यक्ति कथनको कुनै न कुनै अर्थ हुन्छ नै' (ओभ्ना र सुवेदी २०५५ :७३ ) ।

इ) पोखेलका अनुसार 'कुनै वस्तु वा विषयमा अस्तित्वमा आउने रहने वा प्रस्तुत हुने स्थिति वा तत्व सच्चा अस्तित्व ने भाव हो' (पोखेल, २०५८ :१००८ ) ।

ई) अधिकारीका अनुसार 'क्रियाद्धारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटिलाई भाव वा प्रवृति भनिन्छ' (अधिकारी, २०६२ : १२५) । उपर्युक्त परिभाषाहरूको आशयअनुसार वक्ता भन्नाले आफ्ना भावना इच्छा, आज्ञा, सङ्केत, सम्भावना जस्ता भावहरूमध्ये कुनै एकलाई महत्वपूर्ण स्थान दिई प्रकट गर्ने रीति, शैली वा मार्ग/ तत्व नै भाव हो ।

**ज) भावको वर्गीकरण**

नेपाली भाषामा भाव यति नै प्रकारका छन भनी निश्चत गरिएको छैन तर भाव प्रकारका सन्र्दभमा बुन्धुले निश्चयार्थ, आज्ञार्थ, सङ्केतार्थ र प्रश्नार्थ गरी चार भागमा वर्गीकरण गरेको पाइन्छ । त्यस्तै अधिकारीले विध्यर्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी तीन भेदमा वर्गीकरण गरेको पाइन्छ भने शर्माले निश्चयार्थ, आज्ञार्थ, सम्भावनार्थ, सङ्केतार्थ, सन्देहार्थ गरि पाँच भेदमा वर्गीकरण गरेको पाइन्छ ।

**झ) वाच्य**

वाच्य भनेको त्यस्तो व्याकरणात्मक कोटि हो, जसले वाक्यमा कर्ता कर्म वा क्रियाको भावमध्ये कुन प्रमुख छ भनेर छुट्याउँछ । वाच्य भनेको वाक्य भित्रको भनाइ हो र वाक्यमा भन्ने काम क्रियाले गर्दछ । वाक्यमा आएका कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गरिन्छ त्यसैलाई वाच्य भनिन्छ । वाच्यका सन्दर्भमा केही भाषाविद्हरूका भनाइहरू यस प्रकार छन :

अ) माधव प्रसाद पोखरेलका अनुसार 'क्रियाको अन्तिम प्रत्यय वाक्यमा वाचन हुन्छ । त्यससँग मेल राख्ने नाम नै वाच्य हो' (पोखेल, २०५६ :१९ ) ।

आ) पराजुलीका अनुसार 'वाक्यमा कर्ता,कर्म वा भावको काम बुझाउँदा फेरिने क्रियाको रूपलाई वाच्य भनिन्छ' (पराजुलि २०६० : ९५ ) ।

इ) अधिकारीका अनुसार 'वाक्यमा कर्ता,कर्म वा भाव क्रियामध्ये कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक युक्तिलाई वाच्य भनिन्छ '( अधिकारी २०६२ : १६५ ) ।

उपर्युक्त परिभाषाहरूका आधारमा के कुरा भन्न सकिन्छ भने वाक्यमा रहेको कर्ता, कर्म, भावको अवस्था वा काम बुझाउने क्रियाको स्वरूप वाच्य हो । कर्ता प्रमुख हुने वाच्य कर्तवाच्य ,कर्म प्रमुख हुने वाच्य कर्मवाच्य र भाव प्रधान हुने वाच्यलाई भाववाच्य भनिन्छ ।

जस्तै :

१. कर्तृवाच्य : गीता केरा खान्छे ।

२ कर्मवाच्य : गीताद्वारा केरा खाइन्छ ।

३ भाववाच्य : आफू आइयो ।

**ञ) कारक**

क्रियासँग सोझो सम्बन्ध राख्ने नामिक पदलाई कारक भनिन्छ । यस्ता नामिक पदहरूले वाक्यमा विभिन्न किसिमका आर्थी भूमिका निर्वाह गर्दछन् । यही आर्थी भूमिका खेल्ने पद नै कारक हुन । नामिक पदसँग जोडिएर अन्य पदहरूसँगको सम्बन्ध स्पष्ट पार्ने 'ले' 'लाई' जस्ता विभक्ति चिह्नले वाक्यको अर्थ पूरा गरी कारकलाई चिनाउँछन् । कारकका सम्बन्धमा विद्धानहरूले आ-आफ्ना भनाइहरू राखेका छन् :

अ) बन्धु 'क्रियासँग सम्बन्ध राखी वाक्यमा रहेर विभिन्न किसिमको काम गर्ने संज्ञा पदका रूपमा कारकहरूलाई चिह्न सकिन्छ' (बन्धु २०५३ : ८५ ) ।

आ) पोखेल वाक्यमा नामको क्रिया अथवा नामानुगामी पदसँगको सम्बन्धलाई कारक भनिन्छ' (पोखेल, २०५६ : १०७ ) ।

इ) मोहनराज शर्मा 'नेपालीमा कारक भनेको नामिक पदको त्यो रूप हो, जसको सम्बन्ध वा कार्य वाक्यका अन्य शब्दहरूसँग र खासगरी क्रियासँग छ भन्ने मानिन्छ' (शर्मा, २०५५ :१००) ।

उपर्युक्त भनाइहरूबाट के बुझिन्छ भने कारकको सम्बन्ध राख्ने नाम वा सर्वनामका रूपलाई कारक भनिन्छ । कारकले वाक्यात्मक अर्थलाई प्रकाश पार्नुका साथै पदसङ्गति मिलाउने काम गर्दछ ।

**ट) कारकको वर्गीकरण**

कारकको सङ्ख्या कुनै पनि भाषाको प्रकृति प्रयोग आदिका आधारमा निर्धारित हुन्छन । सबै भाषामा कारकको सख्यामा समानता पाइँदैन । नेपाली भाषामा कारकका वर्गीकरणमा पनि विद्वानहरूबीच मतैक्य पाइँदैन ।

फिलमोरका कारक सम्बन्धी दृष्टिकोणमा प्रमुख कारकहरू निम्नअनुसार छन् :

अ) कर्ता कारक

आ) कारण कारक

इ) अनुभावक कारक

ई) स्रोत कारक

उ) स्रोत कारक

ऊ) सम्प्रदान कारक

ए) उदासीन कारक

ऐ) अधिकरण कारक

रूपतत्वका आधारमा कारक दुई प्रकारका हुन्छन् :

अ) सरल कारक

आ) तिर्यक कारक

पाणिनिका अनुसार कारकहरू निम्नानुसार छन :

अ) कर्ता कारक

आ) कर्म कारक

इ) करण कारक

ई) सम्प्रदान कारक

उ) अपादान कारक

ऊ) अधिकरण कारक

त्यसैगरी विभक्तिहरूमा प्रथमा, दितिय, तृतिया,चतुर्थी, पञ्चमी, षष्ठी, सप्तमि र सम्बोधन गरी आठ प्रकारका छन ।

ठ) आदर

आदर वा सम्मान जनाउने पद वा वाक्यलाई आदर/आदरार्थी भनिन्छ । यो मुख्यत : नाम, सर्वनाम र क्रियापदबाट अभिव्यक्त हुन्छ । आदरका सम्बन्धमा व्यक्त गरिएका भनाइहरू यसप्रकार छन् :

अ) पोखेल 'मानवीय कोटिका नेपाली नाममध्ये सम्बन्धित नाम वा सर्वनामले वुझाउने व्यक्तिको सामाजिक अन्तर्सम्बन्ध देखाउने पदसङ्गति वाक्यगठन र रूपतत्वका भेदलाई नामको आदरार्थी भनिन्छ ' (पोखेल २०५६ :७७ ) ।

आ) मोहनराज शर्मा 'शिष्टता वा सम्मानका तहहरू जनाउन प्रयोग गरिने वाक्यीय अथवा रूपप्रक्रियात्मक भिन्नतालाई आदरार्थी भनिन्छ ' (शर्मा ,२०५८ : २१३ ) ।

इ) अधिकारी 'आदरले पनि व्याकरणात्मक कोटि दर्साउँछ । यो मानवीय प्रसङ्गमा बहुवचन वा सयुक्त क्रियाद्धारा व्यक्त हुन्छ । आदर मुलत : श्रोता-द्धितीय पुरुष) र अन्य सन्दर्भ (तृतीय पुरुष) मा व्यक्त हुन्छ । यसका लागि श्रोता सन्दर्भमा चाहि सर्वनाममा साथै आदरसूचक नामको प्रयोग हुनसक्छ' (अधिकारी, २०६२ :९१ ) ।

ई) लम्साल र अन्य 'वाक्यमा प्रयुक्त क्रियापदबाट कर्तामा सम्बोधित हुने कर्ताको आदरको तहलाई नै आदरार्थी भनिन्छ' (लम्साल र अन्य, २०६२ : २६१ )

उ) बराल र एटम 'नाम सर्वनाम र क्रियापदले सङ्केत गर्न व्यक्तिको सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त शब्द तथा पदको सङ्गतिलाई आदरार्थी भनिन्छ' ।

बराल र एटम, २०६२ : ४८ ) ।

उपर्युक्त भनाइहरूका आधारमा नेपाली भाषामा सामाजिक स्तरको बोध गराउने व्याकरणत्मक कोटिलाई आदर भनिन्छ । आदर मुख्यत : नाम, सर्वनाम र क्रियासीत सम्बोधन र नाम, सर्वनाम र क्रियाद्धारा अभिव्यक्त हुने कोटि हो ।

### ड) आदरार्थीको वर्गिकरण

आदरका सन्दर्भमा नेपाली भाषामा यति नै आदरार्थी छन भन्ने करामा विद्धान वर्गमा मतैक्य भएको पाइँदैन । माधवप्रसाद पोखेलका अनुसार दरबारी, उच्च, मध्यम,निम्न गरी चार भेदको वर्गीकरण गरेको पाइन्छ । त्यस्तैगरी अधिकारीले आदररहित मध्यम, उच्च विशेष, उच्चतर, उच्चतम गरी आदरका पाँच भेदको वर्गीकरण गरेका छन भने शर्माले उच्चतम, उच्चतर र उच्च गरी तीन भेदको वर्गीकरण गरेका छन र शान्तिप्रसाद ढकालले अधिकारीको वर्गीकरणलाई स्वीकार गरेका छन् ।

# अध्याय तीन

# अध्ययन विधि र प्रकिया

## ३.१ अध्ययनको ढाँचा :

यस शोधपत्र तयार गर्ने क्रममा कक्षा आठका विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययननका लागि चितवन जिल्लाका भरतपुर नगरपालिका वडा नं. ४ भित्रका सामुदायिक तथा संस्थागत विद्यालय मा अध्ययनरत कक्षा आठ का छात्र एंव छात्रा गरी ८० जना विद्यार्थीसंख्या लिइएको छ ती विद्यार्थीहरूलाई स्वतन्त्र रचनाको लागि वाक्यगठन सम्बन्धी एकै किसिमका प्रश्नहरू राखिएको छ । भने एक अनुच्छेद सृजनात्मक लेखनका लागि विद्यार्थीहरूलाई एउटै एउटै शीर्षक दिएर लेख्न लगाइएको छ । जसलेगर्दा त्रुटि कम हुदै जान्छन साथै वाक्यगठनगत सम्बन्धी विभिन्न प्रकाशित अप्रकाशित पुस्तकहरू सम्बन्धित क्षेत्रका विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद, विषय विशेषज्ञ, अनुसन्धानकर्ता आदिका विचाराहरू साथै विभिन्न स्रोतबाट प्राप्त वाक्यगठनगत सम्बन्धी अन्य जानकारीलाई अध्ययनको स्रोत बनाइएको छ ।

तथ्यांकको स्रोत अन्तगर्त प्राथमिक र द्धितीय स्रोतलाई लिइएको छ :

### क) प्राथमिक स्रोत

कक्षा आठका विद्यार्थीहरूको नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन भन्ने अनुसन्धानको प्राथमिक स्रोत सङ्कलन गर्ने कममा चितवन जिल्लाको भरतपुर नगरपालिका भित्रको सामुदायिक र संस्थागत गरि चार वटा विद्यालय ८० जना विद्यार्थी संख्या लाई छनौटको रूपमा लिइएको छ । छनौट गरिएका विद्यार्थीहरूमध्ये एक स्कुलको २० विद्यार्थीसंख्या गरी चार वटा विद्यालय को ८० जना विद्यार्थीहरूलाई लेख्न दिइएको श्रुतिलेखनका साथै सृजनात्मक रचना अनुच्छेद शैक्षिक भ्रमण शीर्षकमा लिखित उत्तर पुस्तिकालाई नै यस अध्ययन विधिको प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

### ख) द्वितीयक स्रोत

यस अध्ययनका लागि कक्षा आठमा अध्ययनरत नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिको अध्ययनसँग सम्बन्धित विभिन्न पत्र पत्रिका वाक्यगठन सम्बन्धी विभिन्न पुस्तकहरू लेख, रचनाका साथै पाठ्यक्रम विकासकेन्द्र सानोठिमी भक्तपुरद्धारा कक्षा आठका निम्ति तयार पारिएको नेपाली पाठयपुस्तकलाईनै लिइएको छ ।

### ३.२ जनसंख्या र नमुना छनौट :

यस अध्ययनका लागि कक्षा आठका  विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययनसँग सम्बन्धित चितवनजिल्लाको भरतपुर नगरपालिका भित्रको चारवटा विद्यालय  संख्या जसमा दुई वटा संस्थागत र दुइवटा सामुदायिक रहेको र ती विद्यालय वाट पनि ८० जना विद्यार्थीसंख्यालाई नमुनाको रूपमा छनौट गरिएको छ । जसमा चारवटा विद्यालय  संख्या छात्र एव छात्रा गरी २०/२० का दरले विद्यार्थीसङ्ख्यालाई नमुनाको रूपमा समावेश गरिएको छ ।

### ३.३  तथ्याङ्क तथा सुचना सङ्कलन उपकरण :

यस शोधपत्रमा अत्याधुनिक उपकरणको प्रयोग गरिएको छैन र केही मात्रामा मात्रै प्रश्न पेपर तयारगरी विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा भर्ने र लेख्न लगाइएको छ । वस्तुगत परीक्षणको उत्तर कुञ्जिका, विषयगत प्रश्नको उत्तर कुञ्जिका, विषयगत प्रश्नको मुल्याकंन, विद्यार्थीहरूको प्रयोग गरी प्राथमिक या भनौ द्धितीयक स्रोतबाट तथ्याङ्क तथा सुचना संकलन गरिएको छ ।

### ३.४ तथ्याङ्क वा सुचना सङ्कलन प्रकिया :

यस शोधपत्र अध्ययनका लागि भरतपुर नगरपालिका भित्रका चारवटा विद्यालय संख्या लाई लिइएको छ भने जसमा विद्यार्थीसंख्या ८० जना लिइएकोमा ४० छात्र एवं ४० छात्रा गरी नमुनाको रूपमा छनौट गरिएको छ । यस अध्ययन शीर्षक कक्षा ८ का विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन रहेका कारणले तथ्याङक वा सूचना सङ्कलन प्रक्रियाका कममा मानव साधनको नै प्रयोग गरिएको छ एक विद्यालय को विद्यार्थीसंख्या २० जसमा छात्र १० छात्रा १० रहेका र तिनिहरूलाई नेपालीभाषाको वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनका लागि शोध निर्देशकको सल्लाह र सुझाव अनुसार लिङ्ग, वचन, पुरुष, काल, पक्ष

आदिको वस्तुगत प्रश्नहरू र एउटा अनुच्छेद लेखन गर्न दिइ ४० मिनेटको समयावधि निश्चित गरी उक्त विद्यार्थीलाई लिखितरूपमा परिक्षालिई उनीहरूले ल्याएको नतिजालाइ नै तथ्याङ्कको रूपमा सुचना संकलन प्रक्रिया अगाडि बढाइएको छ ।

### ३.५ तथ्याङ्क विश्लेषण र व्याख्या :

यस अध्ययन अनुसन्धानका लागि कक्षा  आठका विद्यार्थीहरूलाई तथ्याङ्क विश्लेषणमा मानव साधनको रूपमा प्रयोग गरिएको र ८० जना विद्यार्थीसंख्या मध्ये छात्र तथा छात्रामा तथा सामुदायिक तथा संस्थागत विद्यालय मा अध्ययन गर्ने विद्यार्थीहरू बिच विश्लेषण गरिएको यस शोधकार्यमा नेपाली भाषामा गर्ने वाक्य गठनसम्बन्धी त्रुटिहरूको सङकलन गर्न विभिन्न परीक्षणका आधार निर्माण गरी अनुसन्धान गरिएको छ । त्यसका लागि वस्तुगत र विषयगत लेखनका प्रश्नहरू समावेश गरिएका थिए । यस अध्ययनको प्रमुख विषय भनेको विद्यार्थीहरूले नेपाली भाषा प्रयोगका कममा वाक्यगठनसम्वन्धी कोटिमा गर्ने त्रुटिहरूको विश्लेषण नै हो । विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा वाक्यगठन सम्बन्धी कोटि (लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, आदर ) का कुन पक्षमा बढी त्रुटि गर्दछन भन्ने कुसमा यथेष्ट अध्ययन गर्ने कोसिस गरिएको छ जस अनुसार २० वटा वहुवैकल्पिक प्रश्न र ४ वटा संक्षिप्त उत्तर आउने प्रश्नहरू सोधिएका थिए । वहुवैकल्पिक २० वटा प्रश्नको २० नम्बरगरी जम्मा ४० पुर्णाङ्क कायम गरिएको थियो । भने समय पनि ४० मिनेटनै राखिएको थियो ।

# अध्याय चार

# नतिजा र छलफल

## ४.१ तथ्याङ्क विश्लेषण र नतिजा

यस शोधपत्रको अध्ययनको क्रममा गरिएको तथ्याङ्क विश्लेषण र यसको नतिजालाई क्रमशः तालिकावद्ध तरिकाले राखिएको छ :

### ४.१.१ वाक्य गठनसम्बन्धी त्रुटिहरूको विश्लेषण :

वाक्यगठन सम्बन्धी त्रुटिविश्लेषणको लागि जम्मा विद्यार्थीसंख्या ८० जना छानिएको छ जसअनुसार परीक्षण गर्दा प्रतिशत नतिजा निम्नानुसार प्राप्त भएको थियो । जसलाई निम्नालिखित तालिका स. १ मा प्रस्तुत गरिएको छ :

**तालिका सं: १ वाक्यगठन सम्बन्धी त्रुटि विश्लेषण**

| कुल संख्या | २५ प्रतिशत भन्दा कम | | ५० प्रतिशत भन्दा कम | | ७५ प्रतिशत भन्दा कम | | ७५ प्रतिशत भन्दा बढि | |
|---|---|---|---|---|---|---|---|---|
| ८० | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| | ५ | ६.२५ | ८ | १० | ५४ | ६६.६६ | १३ | १६.२५ |

उपयुक्त तालिका अनुसार त्रुटिविश्लेषणलाई चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ जस अनुसार २५ प्रतिशत भन्दा कम त्रुटिविश्लेषण क्षमता भएका विद्यार्थीहरूको संख्या ६.२५ प्रतिशत रहेको देखिन्छ । २५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा कम वाक्यगठन सम्बन्धी त्रुटिविश्लेषण क्षमता भएका विद्यार्थीहरूको संख्या १० प्रतिशत देखिएको छ । ५० प्रतिशत भन्दा माथि र ७५ प्रतिशत भन्दा कम क्षमता भएका विद्यार्थीहरूको संख्या ६६.६६ प्रतिशत रहेको छ ७५ प्रतिशत देखि माथि क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६.२५ प्रतिशत रहेको पाइन्छ । विश्लेषणका लागि सहजता तथा सरल बनाउन ५० प्रतिशतलाई आधार मानेर ५० प्रतिशतभन्दा माथि त्रुटिविश्लेषण क्षमता

भएका ४८ प्रतिशत देखिएको छ । यसरी वहुसङ्ख्यक विद्यार्थीहरूको ५० प्रतिशत भन्दा माथि त्रुटिविश्लेषण क्षमता भएकाले सन्तोषजनक मानिएको छ ।

### ४.१.२ व्याकरणिक कोटिको आधारमा वाक्यगठनमा देखिएको त्रुटिको विश्लेषण

#### ४.१.२.१ वचन पक्षको त्रुटिविश्लेषण

एक वा अनेक वुझाउने शब्दको नाम वचन हो । सङ्ख्यासँग सम्बन्धित वाक्यगठनको एक महत्वपूर्ण पक्ष हो । कक्षा आठका विद्यार्थीहरूसँग लिइएको वचन पक्षको परीक्षण अनुसार निम्नलिखित नतिजा प्राप्त भएको थियो, जसलाई निम्नलिखित तालिका सं. २ मा प्रस्तुत गरिएको छ :

**तालिका सं. २ वचन पक्षको त्रुटिविश्लेषण**

| विद्यालय | | वस्तुगत प्रश्न | | विषयगत प्रश्न | |
|---|---|---|---|---|---|
| | | ठिक | त्रुटि | ठिक | त्रुटि |
| सामुदायिक बिद्यालय | वि.स | ३८ | २ | ३४ | ६ |
| | प्रतिशत | ९५ | ५ | ८५ | १५ |
| संस्थागत बिद्यालय | वि.स | ३६ | ४ | ३२ | ८ |
| | प्रतिशत | ९० | १० | ८० | २० |

उपर्युक्त तालिका नं २ कक्षा आठका अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालय का विद्यार्थीहरूले वस्तुगत प्रश्नहरूमा कमश ३८,३४ जनाले सही जवाफ दिएको पाइयो । भने २ र ६ जनाले त्रुटि गरेको पाइयो । उक्त संख्यालाई प्रतिशतमा गणना गर्दा ९५ र ८५ प्रतिशतले सहि जवाफ दिए भने ५ र १५ प्रतिशतले त्रुटि गरेको पाइयो । त्यसैगरी वचन सम्बन्धी विषयगत प्रश्नहरूमा सामुदायिक तथा संस्थागत विद्यालय का विद्यार्थीहरूले कमश ३६ र ३२ जनाले सहि जवाफ दिए भने ४ र ८ जनाले त्रुटि गरेको पाइयो उक्त सख्यालाई प्रतिशतमा गणना गर्दा ९० र ८० प्रतिशत विद्यार्थीले सही जवाफ दिए भने १० र २० प्रतिशत विद्यार्थीले गलत जवाफ दिइएको पाइयो, वचन पक्षमा बिद्यार्थीहरूले गरेको त्रुटि यसप्रकारको छ :

क) विद्यार्थीहरू आयो ।

ख) भाइहरू आयो ।

### ४.१.२.२ लिङ्ग पक्षको त्रुटिविश्लेषण

लिङ्ग वाक्यगठनसबन्धी व्याकरणत्मक कोटि हो । वाक्यमा नामसँग अर्को शब्दको पद सङ्गतिका भेदले जति किसिमको अर्थ भेद देखिन्छ त्यसलाई लिङ्ग भनिन्छ । यहाँ लिङ्ग सम्बन्धी नमुना परीक्षणबाट प्राप्त त्रुटि विवरणलाई निम्न लिखित तालिका सं ३ बाट प्रष्ट पारिएको छ ।

**तालिका सं. ३ लिङ्ग पक्षको त्रुटिविश्लेषण**

| विद्यालय | | बिषयगत प्रश्न | | बिषयगत प्रश्न | |
|---|---|---|---|---|---|
| | | ठिक | त्रुटि | ठिक | त्रुटि |
| सामदायिक बिद्यालय | वि.स | ३६ | ४ | ३४ | ६ |
| | प्रतिशत | ९० | १० | ८५ | १५ |
| संस्थागत् बिद्यालय | वि.स | ३४ | ६ | ३२ | ८ |
| | प्रतिशत | ८५ | १५ | ८० | २० |

गलत उत्तर दिने विद्यार्थी संख्या ४ र ६ रहेको पाइयो । प्रस्तुत माथिको तालिका वाट पनि लिङ्ग पक्षमा सामुदायिक विद्यालय का विद्यार्थीहरूले वस्तुगत र  विषयगत प्रश्नको ठिक उत्तरमा क्रमश ३६ र ३४ रहेको पाइयो । भने उक्त संख्यालाई प्रतिशतमा गणना गर्दा ९० र ८५ प्रतिशतले ठिक उत्तर दिइएको पाइयो । भने संस्थागत विद्यालयका विद्यार्थीहरूले वस्तुगत तथा विषयगत प्रशनको उत्तरमा ३४ र ३२ जना विद्यार्थी संख्याले सहि जवाफ दिए भने ६ र ८ जना विद्यार्थीले गलत उत्तर दिएको पाइयो । जसलाई प्रतिशतमा गणना गर्दा सही उत्तर दिनेमा  ८५ र ८० प्रतिशत रहेका छन भने गलत उत्तर दिनेमा १५ र २० प्रतिशत रहेको पाइएको छ ।

### ४.१.२.३ पुरुष सम्बन्धी त्रुटि विश्लेषण

पुरुष वाक्यगठन सम्बन्धी व्याकरणात्मक काटि हो । वाक्यमा हुने व्यक्तिलाई चिनाउने व्याकरणात्मक तत्वलाई पुरुष भनिन्छ । यहाँ पुरुष सम्बन्धी वस्तुगत र विषयगत प्रश्नहरू सोधिएको थियो उक्त परीक्षणबाट प्राप्त त्रुटि विवरणलाई निम्नलिखित तालिका संख्या ४ बाट स्पष्ट पारिएको छ ।

**तालिका सं. ४ पुरुष सम्बन्धी त्रुटि विश्लेषण**

| विद्यालय | | वस्तुगत प्रश्न | | विषयगत प्रश्न | |
|---|---|---|---|---|---|
| सामूदायिक विद्यालय | वि.स. | ३६ | ४ | ३८ | २ |
| | प्रतिशत | ९० | १० | ९५ | ५ |
| संस्थागत विद्यालय | वि.स. | ३२ | ८ | ३४ | ६ |
| | प्रतिशत | ८० | २० | ८५ | १५ |

उपयुक्त तालिकाबाट के स्पष्ट हुन्छ भने पुरुष पक्षमा वस्तुगत प्रश्नहरूमा सामुदायिक विद्यालय का विद्यार्थीहरूमा ३६ र ३८ रहेको पाइयो जसलाई प्रतिशतमा गणना गर्दा ९० र ९५ प्रतिशतले ठिक उत्तर दिएका छन् भने गलत उत्तर दिनेमा ४ र २ जना विद्यार्थीछन् भने यसलाई प्रतिशतमा देखाउँदा १० र ५ प्रतिशतले गलत उत्तर दिइएको पाइयो । यसैगरी संस्थागत विद्यालय का विद्यार्थीहरूमा वस्तुगत तथा विषयगत प्रश्नको उत्तरमा ठिक उत्तर दिनेमा ३२ र ३४ रहेका छन् भने गलत उत्तर दिनेमा ८ र ६ विद्यार्थीसंख्या रहेको देखिन्छ जसलाई प्रतिशतमा देखाउँदा सही जवाफमा ८० र ८५ प्रतिशत भने गलत जवाफमा २० र १५ प्रतिशत रहेको पाइयो ।

### ४.२.१.४ काल सम्बन्धी त्रुटिविश्लेषण

काल वाक्यगठन सम्बन्धी व्याकरणात्मक कोटि हो, जुन क्रिया र समयसँग सम्बन्ध राख्दछ । यहाँ कालसम्बन्धी वस्तुगत र विषयगत प्रश्नहरू सोधिएका थिए । यस परीक्षणबाट प्राप्त त्रुटिविश्लेषणलाई निम्न लिखित तालिका सं. ५ वाट प्रष्ट पारिएको छ ।

**तालिका सं. ५ काल सम्बन्धी त्रुटिविश्लेषण**

| **विद्यालय** | | **वस्तुगत प्रश्न** | | **विषयगत प्रश्न** | |
|---|---|---|---|---|---|
| | | ठिक | त्रुटि | ठिक | त्रुटि |
| सामूदायिक विद्यालय | वि.स. | ३६ | ४ | ३६ | ४ |
| | प्रतिशत | ९० | १० | ९० | १० |
| संस्थागत विद्यालय | वि.स. | ३४ | ६ | ३२ | ८ |
| | प्रतिशत | ८५ | १५ | ८० | २० |

उपयुक्त तालिका नं ५ वाट के स्पष्ट देखिएको छ भने काल सम्बन्धी प्रश्नहरूमा सामुदायिक स्कुलका विद्यार्थीहरूले वस्तुगत तथा विषयगत प्रश्नको सही उत्तरमा एउटै नतिजा देखिएको छ, उनीहरूले क्रमश ३६ र ३६ ल्याएका छन् भने ४ र ४ जनाले त्रुटि गरेको पाइएको छ । जहाँ सही उत्तरको प्रतिशतमा ९० र ९० प्रतिशत रहेको पाइयो भने त्रुटि गर्नेमा १० र १० प्रतिशत रहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालय को विद्यार्थीहरूले वस्तुगत र विषयगत प्रश्नको उत्तरमा क्रमश: ३४ र ३२ जनाले सही जवाफ दिइएको पाइयो भने ६ र ८ जना विद्यार्थीहरूले गलत उत्तर दियएको पाइयो । जसलाई प्रतिशतमा गणना गर्दा ठिक उत्तरमा ८५ र ८० प्रतिशत रहेकोमा गलत उत्तरमा १५ र २० प्रतिशत रहेको पाइएको छ ।

### ४.१.२.५ पक्षसम्बन्धी त्रुटिविश्लेषण

कालअवधिको बोध गराउने पक्षको सम्बन्ध क्रियासँग मात्र हुने भएतापनि पुरै वाक्यसँग यसको सम्बन्ध रहेको हुन्छ । वाक्यगठनका अन्य कोटिको परीक्षण गरे जस्तै पक्षको पनि परीक्षण गरिएको थियो । पक्षसँग सम्बन्धी वस्तुगत र विषयगत प्रश्नहरू सोधिएका थिए । उक्त परीक्षणबाट प्राप्त त्रुटि विवरणलाई निम्नलिखित तालिका सं. ६ बाट स्पष्ट पारिएको छ :

**तालिका सं. ६ पक्षसम्बन्धी त्रुटि विश्लेषण**

| विद्यालय | | वस्तुगत प्रश्न | | विषयगत प्रश्न | |
|---|---|---|---|---|---|
| | | ठिक | त्रुटि | ठिक | त्रुटि |
| सामूदायिक विद्यालय | वि.स. | ३८ | २ | ३६ | ४ |
| | प्रतिशत | ९५ | ५ | ९० | १० |
| संस्थागत विद्यालय | वि.स. | ३६ | ४ | ३४ | ६ |
| | प्रतिशत | ९० | १० | ८५ | १५ |

माथिको तालिकाबाटको नतिजामा सामुदायिक विद्यालय पक्षसम्बन्धी प्रश्नको उत्तरमा वस्तुगत प्रश्नमा ठिक उत्तर दिने वि.सं. क्रमशः ३८ र ३६ रहेको पाइयो भने त्रुटि गर्नेमा क्रमशः २ र ४ रहेको पाइयो जसलाई प्रतिशतमा गणना गदा वस्तुगत तथा विषयगत प्रश्नको ठिक उत्तरमा ९५ र ९० प्रतिशत रहेको पाइयो भने गलत उत्तरमा ५ र १० प्रतिशत रहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालय को वस्तुगत तथा विषयगत प्रश्नको उत्तरमा ठिक उत्तर दिनेमा ३६ र ३४ रहेका छन् भने गलत उत्तर दिने वि.सं. क्रमशः ४ र ६ रहेका छन् जसलाई प्रतिशतमा लैजाँदा सही उत्तरमा ९० र ८५ प्रतिशत रहेको देखिन्छ भने त्रुटि गर्नेमा १० र १५ प्रतिशत रहेको देखिन्छ ।

### ४.१.२.६ भावसम्बन्धी त्रुटिविश्लेषण

भावलाई अर्थ वा कृति भनेर बुझिन्छ । यो पनि वाक्य गठनको पक्ष मध्ये एक हो । भावसँग सम्बन्धित वस्तुगत र विषयगत प्रश्नहरू सोधिएका थिए । परीक्षण पश्चात वस्तुगत प्रश्नमा भन्दा विषयगत प्रश्नमा धेरै विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । उक्त परीक्षणबाट प्राप्त त्रुटि विवरणलाई निम्नलिखित तालिका सं ७ वाट स्पष्ट पारिएको छ ।

**तालिका सं. ७ भावसम्बन्धी त्रुटिविश्लेषण**

| **विद्यालय** | | **वस्तुगत प्रश्न** | | **विषयगत प्रश्न** | |
|---|---|---|---|---|---|
| | | ठिक | त्रुटि | ठिक | त्रुटि |
| सामूदायिक विद्यालय | वि.स. | ३८ | २ | ३४ | ६ |
| | प्रतिशत | ९५ | ५ | ८५ | १५ |
| संस्थागत विद्यालय | वि.स. | ३६ | ४ | ३२ | ८ |
| | प्रतिशत | ९० | १० | ८० | २० |

माथिको तालिका सं ७ बाट पनि के स्पष्ट हुन्छ भने भावसम्बन्धी सोधिएका प्रश्नहरूमा सामुदायिक विद्यालय का विद्यार्थीहरूले वस्तुगत तथा विषयगत प्रश्नमा ठिक उत्तर दिनेमा ३८ र ३४ रहेको पाइयो भने गलत उत्तर दिनेमा २ र ६ रहेको पाइयो । यसलाई प्रतिशतमा लैजादा ठिक उत्तर दिनेमा क्रमश ९५ र ८५ प्रतिशत रहेको देखियो भने गलत उत्तर वा त्रुटि गर्नेमा ५ र १५ प्रतिशत देखिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालय का विद्यार्थीहरूले ठिक उत्तरमा क्रमश ३६ र ३२ जना विद्यार्थीहरूले मिलाएको पाइयो भने त्रुटि गर्नेमा ४ र ८ जना वि.सं रहेको पाइयो । जसलाई प्रतिशतमा गणना गर्दा ९० र ८० प्रतिशतले ठिक उत्तर दिएको र १० र २० प्रतिशत विद्यार्थीले गलत उत्तर दिएको पाइयो ।

### ४.१.२.६ आदर सम्बन्धी त्रुटि विश्लेषण

आदर प्रकट गर्ने पद वा वाक्यलाई आज्ञार्थी भनिन्छ । यो वाक्यसँग सम्बधित वस्तुगत तथा विषयगत प्रश्नहरू सोधिएका थिए । उक्त परीक्षणवाट प्राप्त त्रुटि विवरण निम्नलिखित तालिका सं. ८ वाट स्पष्ट हुन्छ ।

**तालिका सं. ८ आदर सम्बन्धी त्रुटि विश्लेषण**

| विद्यालय | | वस्तुगत प्रश्न | | विषयगत प्रश्न | |
|---|---|---|---|---|---|
| | | ठिक | त्रुटि | ठिक | त्रुटि |
| सामूदायिक विद्यालय | वि.स. | ३८ | २ | ३८ | २ |
| | प्रतिशत | ९५ | ५ | ९५ | ५ |
| संस्थागत विद्यालय | वि.स. | ३८ | २ | ३६ | ४ |
| | प्रतिशत | ९५ | ५ | ९० | १० |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने आदर सम्बन्धी सामुदायिक विद्यालयामा विद्यार्थीहरूको वस्तुगत तथा विषयगत प्रश्नको उत्तरको नतिजा एउटै आएको पाइयो । ३८ र ३८ जनाले ठिक उत्तर दिएका छन् भने २ र २ जनाले मात्र त्रुटि गरेको पाइयो भने प्रतिशतमा भन्नुपर्दा ९५ र ९५ प्रतिशतले वस्तुगत तथा विषयगत प्रश्नको सहीजवाफ दिएको पाइयो भने ५/५ प्रतिशत विद्यार्थीले गलत उत्तर दिएको पाइयो । त्यसैगरी संस्थागत विद्यालय को विद्यार्थीले वस्तुगत प्रश्नको उत्तरमा ३८ र विषयगत प्रश्नको उत्तरमा ३६ जना वि.सं.ले मिलाएको र २ जनाले बस्तुगत प्रश्नमा त्रुटि गरेको र ४ जनाले विषयगतमा त्रुटि गरेको देखियो । जसलाई प्रतिशतमा लैजादा वस्तुगत प्रश्नको ठिक उत्तरमा ९५ प्रतिशत र विषयगत प्रश्नको ठिक उत्तरमा ३६ प्रतिशत विद्यार्थीसंख्या पाइयो भने गलत उत्तर दिनेमा ५ प्रतिशत वस्तुगत प्रश्नमा देखियो भने १० प्रतिशत विषयगत प्रश्नमा त्रुटि गरेको देखियो ।

## ४.२. छलफल

भाषा सिकाइ एउटा जटिल कार्य हो र नयाँ सिकाइ जटिल कार्य हो । यस्तो अवस्थामा त्रुटिलाई स्वभाविक प्रक्रियाका रूपमा लिनसक्नुपर्छ । माथी उल्लेखित विभिन्न तालिका तथा विश्लेषणबाट के स्पष्ट हुन्छ भने सामुदायिक विद्यालय का विद्यार्थीर संस्थागत विद्यालय का विद्यार्थीमा केही भिन्नता भेटिएको देखिन्छ या भनौ संस्थागत विद्यालय मा नेपाली मातृभाषालाई थोरैमात्र प्रयोग गर्ने हुँदा सामुदायिक विद्यालय को तुलनामा केही कमी रहेको अनुमान गर्न सकिन्छ । यो शोधपत्रको अध्ययनको क्रममा लिइएको परीक्षण र नतिजालाई मध्यनजर गर्दा वाक्यगठन सम्बन्धी त्रुटिहरूमा गर्ने लिङ्ग, वचन, पुरुष, काल,

पक्ष, भाव र आदर सम्बन्धी व्याकरणिककोटि अन्तर्रगत पर्ने त्रुटिहरूमा नतिजा केहीमा सन्तोषजनकनै भेटिएको छ भने केहीमा आशा गरे भन्दा थोरै कम नतिजा भेटिएको छ । जस्तोकि : वचनपक्षको त्रुटिमा बहुबचन आउँदा पनि विद्यार्थीहरूले क्रियापदमा गएर बिगारेका छन् जस्तैः भाईहरू आयो । यहाँ आए भन्ने पर्नेमा आयो लेखि त्रुटि गरेका छन् भने लिङ्ग पक्षको त्रुटिपनि सोचेभन्दा बढी देखिएको पाइएको छ । यहाँ विद्यार्थीहरूले पुलिङ्ग स्त्रीलिङ्ग नबुझी वाक्य लेख्ने क्रममा गलत लेखी त्रुटि गरेको देखिएको छ जस्तै वहिनी विद्यालय जान्छे हुनुपर्नेमा विद्यार्थीहरूले क्रियापदमा जान्छ लेखि त्रुटि गरेको पाइएको छ । त्यसैगरी कर्ताको ख्यालै नगरी पुरुष सम्बन्धी त्रुटि विश्लेषणको क्रममा विद्यार्थीमाथी परीक्षण गर्दा वस्तुगत भन्दा विषयगत प्रश्नको सही जवाफ दिइएको पाइएको छ । जसमा संस्थागत विद्यालयका विद्यार्थीहरूले केहीमात्रामा सामुदायिक विद्यालय को तुलनामा बढी त्रुटि गरेको देखिन्छ । प्रायः विद्यार्थीले वाक्य लेख्ने क्रममा कर्ताको ख्यालै नगरी क्रियापदमा गलत लेखेको भेटिन्छ । या भनौ कसैले साच्चिनै विगारेको वा कोही बढि आत्तिएर छिटो लेख्ने क्रममा विगारेको अनुमान गर्न सकिन्छ । काल सम्बन्धी प्रश्नमा विद्यार्थीलाई परिक्षण गर्दा अन्य व्याकरणकोटिका तुलनामा केही कम नै देखिन्छ यसको नतिजा त्यत्ति सन्तोषजनक रहेको देखिदैन । विद्यार्थीले बढीमात्रामा कालसम्बन्धी प्रश्ननै बिगारेको देखिन्छ । विषयगत र वस्तुगत प्रश्नको नतिजा लगभग उस्तै रहेको छ भने प्रायः विद्यार्थीले भविष्यतकाल नेछ राख्नुपर्नेमा उत्तरमा एको राखेका छन् भन्ने पुग्नेछ हुनुपर्नेमा पुग्दैछ भनि उत्तर दिएको भेटिन्छ । पक्षसम्बन्धी त्रुटिविश्लेषण गर्दा सामान्य तथा सामुदायिक विद्यालय का विद्यार्थीहरूले सन्तोषजनकनै उत्तर दिएका छन् भने संस्थागत विद्यालय का विद्यार्थीले भने  अली बढी त्रुटि गरेको भेटिन्छ । र वस्तुगत र विषयगत प्रश्नको ठिक उत्तर दिने वि.सं. बढी रहेको देखिन्छ । यहाँ क) तिमी प्रथम भए ख) उनी प्रथम भए भन्ने प्रश्नमा बढीले (क )तिमी प्रथम भए भन्ने प्रश्नमा ठिक चिन्ह लगाई त्रुटि गरेको देखिन्छ । भावसम्बन्धी त्रुटिविश्लेषणको नतिजा हेर्दा वस्तुगत प्रश्न बढी मिलाई विषयगत प्रश्न कम मिलाएका देखिन्छ । यहाँ सामुदायिक र संस्थागत दुवै विद्यार्थीले वस्तुगत प्रश्नको उत्तर बढी मिलाएको देखिन्छ । त्यसैगरी आदरसम्बन्धी त्रुटि विश्लेषणको नतिजालाई हेर्दा सामुदायिक तथा संस्थागत विद्यालय को नतिजा लगभग उस्तै आएको छ । विद्यार्थीहरूले बढी आदरपक्षमा त्रुटि नगरेको देखिन्छ । सामुदायिक विद्यालय मा बस्तुगत तथा विषयगत प्रश्नको नतिजा उस्तै आएको छ भने संस्थागत विद्यालय को भने

विषयगत प्रश्नमा भन्दा वस्तुगत प्रश्नमा बढी मिलाएको देखिएको छ । समष्टिमा भन्नुपर्दा सबैको नतिजा राम्रै आएको छ भने त्यहाँ थोर-थोर त्रुटि गरेको भेटिन्छ र सामुदायिक विद्यालय मा भन्दा संस्थागत विद्यालय मा बढि त्रुटि भेटिएको भएता पनि यी सबै त्रुटि कहाँ भएका छन् र किन भएका छन् भन्ने प्रश्नमा चाँडै मध्यनजर गरियो भने अवश्यनै त्रुटिलाई बेलैमा निराकरण गर्न सकिन्छ र शिक्षण सिकाइ उत्तम बनाइ शत प्रतिशत नतिजा ल्याउन सकिन्छ ।

# अध्याय पाँच

# निश्कर्ष र उपयोग

## ५.१. निश्कर्षः

### ५.१.१. पहिलो उद्देश्यको निश्कर्षः

भाषा र मानवबीचको सम्बन्ध अत्यन्त महत्वपूर्ण छ । भाषा विनाको मानवसंसार कल्पना समेत गर्न सकिन्न । भाषा मानवीय इच्छा, आकाङ्क्षा, विचार आदिको विनिमयको साधन हो । यसले मानव-मानव बीचको सञ्चार भूमिका निर्वाह गर्दछ । मानव मष्तिष्क उत्सुक, जिज्ञासु र विद्रोही रहेको देखिन्छ । उक्त कुरालाई पूर्ति गर्ने माध्यमको आवश्यकता पर्दछ, त्यो माध्यमनै भाषा हो । भाषा भन्नाले बोध र अभिव्यक्तिलाई प्रकट गर्ने लेख्य र कथ्य भाषालाई बुभिन्छ । लेख्य भाषा भन्नासाथ लिपि, वर्ण, अक्षर आदिको प्रसङ्ग अनिवार्य आउँछ । त्यसपछि साहित्य दर्शन आदि एवं रीतले आउँछन् । यसर्थ भाषा र मानववीचको सम्बन्ध प्रगाढ बन्दै जान्छ ।

मानव सभ्यताको आदिकालदेखि नै कसरी भाषाको प्रभावकारी र व्यवस्थित रूपले शिक्षण गर्न सकिन्छ भन्ने बारेमा अनेकौं चिन्तन-मनन र प्रयोगहरू भएका पाइन्छन् । तसर्थ भाषालाई व्यवस्थित भाषा सिकाइको सन्दर्भमा नै भाषा ब्याकरणको प्रादुर्भाव भएको हो । मानिस एक सामाजिक प्राणी भएकोले ऊ समाजको आवश्यकताले गर्दा मानिसले विभिन्न प्रयोजनका निमित्त विभिन्न भाषा सिक्नुपर्ने आवश्यकता पर्दछ । यसर्थ मानिसले दोस्रो भाषा सिक्नुपर्छ । यसैलाई सफल बनाउने उद्देश्यले त्रुटि विश्लेषणको अवधारणा विकसित भएको हो । यसकारण नेपाली वाक्यगठनका विभिन्न पक्षहरू कक्षा आठका विद्यार्थीहरूले के-कस्ता त्रुटि गर्दा रहेछन् भन्ने समस्यालाई आफ्नो अनुसन्धानको विषय छनौट गरी अध्ययन कार्य शुरू गरिएको हो । यस अध्ययनमा वचन, पुरुष, लिङ्ग, काल, भाव, पक्ष र आदर गरी वाक्य गठन सम्बन्धीको दिइएका पक्षहरूलाई समेटी वस्तुगत पहिचानात्मक बहुबैकल्पिक २० र विषयगत ४ वटा गरी २० वटा प्रश्नहरू समावेश भएको प्रश्नावली निमार्ण गरियो । यी प्रश्नावलीलाई कक्षा आठका सामुदायिक र संस्थागत विद्यालय का विद्यार्थीहरूलाई आधारमानी जम्मा ८० जना विद्यार्थीहरूको छनोट गरियो । यो परीक्षणबाट प्राप्त विवरणलाई तालिकाद्वारा प्रस्तुत गरिएको छ । उक्त तालिकामा कुलसंख्या ८० जनामा २५

प्रतिशत भन्दा कम ६.२५ प्रतिशत विद्यार्थीले वाक्यगठनमा त्रुटि गरेको देखिन्छ । कुल विद्यार्थीसंख्या ५० प्रतिशत भन्दा कम १० प्रतिशतले त्रुटि गरेको देखियो भने कुल विद्यार्थी संख्यामध्ये ७५ प्रतिशत भन्दा कम विद्यार्थीसंख्या ६६.६६ प्रतिशतले त्रुटि गरेको देखिन्छ साथै कुल वि.सं. मा ७५ प्रतिशत भन्दा बढी विद्यार्थी १६.२५ प्रतिशतले त्रुटि गरेको देखिन्छ ।

### ५.१.२. दोस्रो उद्देश्यको निश्कर्ष

भाषा शिक्षणमा मानवीय भाषा सिकाइ प्रक्रिया अध्ययनको ज्यादै ठूलो महत्व रहेको छ । भाषा समाजबाट आर्जन गर्ने वस्तु हो । आर्जनका निम्ति प्रयत्न र परिश्रमको आवश्यकता पर्दछ । प्रयत्न र परिश्रमको दौडमा अनेकौं वाधा, अवरोध, गल्ती, कमजोरी हुनु स्वभाविकै हो । यसरी भाषा सिकाइको क्रममा पनि मानिसले अनेकौं भूलहरू गर्ने गर्दछ र आफूलाई सचेत बनाउँदै भाषा सिक्दछ । यस्तै भाषा सिक्ने क्रममा भाषालाई शुद्ध बनाउनका लागि व्याकरणको आवश्यकता पर्दछ । त्यसैले भाषा शिक्षणका सन्दर्भमा व्याकरण नभइ नहुने पक्ष हो । वाक्यबाट वाक्यात्मक कार्यको बोध र अर्थको अभिव्यक्ति हुन्छ । वचनले संख्याको जानकारी गराउँछ भने पुरुषले कथनका सन्दर्भमा संलग्न भएका सहभागीहरूका प्रकृतिलाई जनाउँछ । नेपाली व्याकरणमा प्रथम, द्वितीय र तृतीय गरी तीन प्रकारका पुरुष पाइन्छन् । लिङ्गले पुलिङ्ग र स्त्रीलिङ्ग जस्ता चिन्हको बोध गराउँदछ । यो पनि सामान्यतया भूत, वर्तमान र भविष्यत गरी तीन प्रकारको हुन्छ । कालको विशेष अवस्था वा परिस्थितिमा घटित क्रियाको बोध गराउने वाक्यगठनको कोटिपक्ष हो । यो सामान्यतया सामान्य, पूर्ण, अपूर्ण, अभ्यस्त, अज्ञात गरी पाँच प्रकारका छन् । वक्ता वा लेखकको मनशाय बुझाउने क्रियाको रूप भाव हो । यो सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी पाँच प्रकारका छन् ।

भाषा शिक्षण र त्रुटिविश्लेषणको गहिरो सम्बन्ध छ । त्रुटिविश्लेषण सफल तथा प्रभावकारी शिक्षण सम्भव छैन । त्रुटि विश्लेषण गर्ने क्रममा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू सामुदायिक र संस्थागत विद्यालय मध्येका सामुदायिक विद्यालय का विद्यार्थीहरू तुलनात्मक रूपमा हेर्दा केही राम्रा देखिन्छन भने वस्तुगत पहिचानात्मक वहुबैकल्पिक प्रश्न ६० प्रतिशत देखी ८० प्रतिशतसम्म सही प्रतिक्रिया दिन सक्षम विद्यार्थीहरू एकातिर छन् भने अर्को तिर त्रुटिगर्नेमा २० प्रतिशत देखि ४० प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ ।

त्यसैगरी विषयगत प्रश्नमा सही प्रतिक्रिया व्यक्त गर्नेपनि वस्तुगत प्रश्नको जस्तै भेटिन्छ । सवैभन्दा कम त्रुटि आदर पक्षमा रहेको देखिन्छ । त्रुटिलाई मध्यनजरगर्दा व्याकरणिक कोटिको कालपक्षमा धेरै विद्यार्थीसंख्याले त्रुटि गरेको देखिन्छ । अन्य पक्षमा विषयगत पक्षमा त कहिँ वस्तुगत पक्षमा बढी त्रुटि गरेको भेटिन्छ ।

### ५.१.३. तेस्रो उद्देश्यको निश्कर्ष

भाषा सिकाई एक जटिल कार्य हो र नयाँ सिकाई अझ जटिल कार्य हो । यस्तो अवस्थामा त्रुटिलाई स्वभाविक प्रक्रियाका रूपमा लिनुपर्दछ । शिक्षणमा भएका कमीकमजोरीलाई निराकरण गरी सुधार गर्ने प्रक्रिया निराकरणात्मक शिक्षण हो । कक्षा क्रियाकलापमा विद्यार्थीहरूका भाषिक त्रुटि पत्ता लगाइ सो अनुरूप समाधान हुने गरी शिक्षण गर्नु निराकरणात्मक शिक्षण हो । यस शोधपत्रको सन्दर्भमा कक्षा आठमा वाक्यगठन सम्बन्धी त्रुटिहरूका सम्बन्धमा जानकारी हासिल गराउन र तिनमा केही त्रुटिहरू भएमा सो भन्दा माथिल्ला तहहरूमा गएर सो सम्बन्धी निराकरण गर्ने उद्देश्यले यस तहको अनिवार्य नेपालीको पाठ्यक्रममा त्रुटि निराकरणात्मक शिक्षण गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ । किनभने कक्षा आठमा पुगिसकेको अवस्थामा पनि धेरैजसो विद्यार्थीहरूमा यो स्तर अनुसारको ज्ञानको तहसम्म नपुगेको आभाष माथिका तालिका तथा शीर्षक र उपशीर्षकबाट पुष्टि हुन्छ । त्यसैले कक्षा आठमा त्रुटि निराकरणात्मक शिक्षण गराई नेपाली भाषाको पठनपाठन सञ्चालन गरी विद्यार्थीहरूलाई सक्षम बनाउनु आजको आवश्यकता देखिन्छ । तसर्थ यो शोधपत्र अध्ययनको क्रममा देखिएका जे-जति त्रुटिहरू छन्, त्यसलाई बेलैमा नियन्त्रण गरी सो त्रुटिलाई जरैदेखि उन्मुलन गर्न त्रुटि निराकरणात्मक शिक्षण अपनाउनु पर्दछ । यसर्थ त्रुटि निराकरणका लागि सुझावहरू निम्नानुसार छ :

- सर्वप्रथम समस्याको पहिचान गरी प्रभावकारी शिक्षण विधिको प्रयोग गर्ने ।
- सैद्धान्तिक प्रक्रियालाई भन्दा प्रयोगात्मक प्रक्रियामा जोड दिई भाषा शिक्षण गर्ने ।
- त्रुटिका कारणहरूका बारेमा विद्यार्थीसँग छलफल, धेरै उदाहरणहरूको प्रयोग गर्ने र विद्यार्थीलाई प्रेरित गर्न शुद्ध प्रयोगको अभ्यास गराउने ।
- अमिल्दा एकाइविच विभेदीकरण गर्न लगाउने ।
- व्याकरणात्मक त्रुटिहरू औंल्याई शुद्ध नेपाली लेखनमा जोड दिने ।
- त्रुटि परित्याग गर्न लगाउने ।

माथिका यि सबै सुझावहरूलाई बेलामानै प्रयोगमा ल्याइएमा अवश्यनै त्रुटिहरू निराकरण गर्न सकिन्छ ।

## ५.२. उपयोग

### ५.२.१. नीति निर्माण स्तरमा

भाषा मानविय वस्तु हो । भाषा सहज र स्वभाविक वातावरणमा समाजबाट नै आर्जन हुन्छ । कतिपय वातावरण भने द्विभाषिक र बहुभाषिक पनि हुन सक्छन् । यस्तो बेला मानिस जुन समाजमा बसोबास गरेको छ त्यही अनुरूपको भाषा सिक्ने गर्दछ । भाषा सामाजिक वस्तु हो अर्थात भाषा सामाजिक आवश्यकता हो । मानिस एक सामाजिक प्राणी भएकोले ऊ समाजको आवश्यकताले गर्दा मानिसले विभिन्न प्रयोजनका निमित्त विभिन्न भाषा सिक्नुपर्ने आवश्यकता देखिन्छ । यसर्थ शिक्षण सिकाइको क्रममा मानिसले आफ्नो मातृभाषा त्याग गरी दोस्रो भाषाको रूपमा रहको नेपाली भाषा सिक्नुपर्ने अवस्था पनि सिर्जना हुन सक्छ । यसकारण पनि सबै भाषाभाषी भएका विद्यार्थीकक्षा कोठामा पढ्न आउने सम्भावना रहन्छ । जसअनुसार कोही विद्यार्थीपढ्न लेख्न जान्ने हुन्छन् त कोही अलि नजान्ने हुन्छन् । कुनै विद्यार्थीपनि समान किसिमका नहुन सक्छन् । यसका लागि उनिहरूको क्षमता बुझि सोही अनुसारको शिक्षण गर्नु अनिवार्य हुन्छ । जसका लागि यो शोधपत्र कक्षा आठका विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन गरिएको केही विद्यार्थीहरूले त्रुटि गरेको भेटिन्छ । यी त्रुटि गरेका विद्यार्थीहरूलाई अरू थप त्रुटि गर्न नदिन, समस्या समाधान गर्न, त्रुटिको कारण पत्ता लगाई सो त्रुटिलाई बेलामानै निवारण गर्न र आगामी दिनहरूमा त्रुटिहुने मूल कारणको जरोलाई नै पत्ता लगाई सो को बारेमा विभिन्न नीति नियम लागू गरि त्रुटि हुने गुन्जाइस नै नराख्नको लागि कक्षा आठका विद्यार्थीहरूलाई शिक्षण गर्दा विभिन्न नीतिनियम अगाडी बढाउनुपर्ने या ल्याउनुपर्ने देखिन्छ । जुन निम्नानुसार छ :

क) त्रुटि निराकरणात्मक शिक्षण सम्बन्धी उद्देश्य पुरा गर्न नेपाली भाषा व्याकरणका विभिन्न पक्षमा निदानात्मक परीक्षणको व्यवस्था गरी जोड नीति ल्याएमा अवश्य नै त्रुटि कम गर्न सकिन्छ ।

ख) शिक्षण सन्दर्भमा नेपाली भाषा व्याकरणका विभिन्न पक्षहरूमा बढी जोड दिइए पाठ्यक्रम त्यही अनुसार निर्माण गर्नुपर्ने देखिन्छ ।

ग) भाषा शिक्षण गर्ने क्रममा सकेसम्म भाषा शिक्षण सामाग्रीको निर्माण र बढी भन्दा बढी शिक्षण गर्ने क्रममा यसको प्रयोग गरी शिक्षण कार्य अगाडी बढाउने नीति ल्याउनु आवश्यक देखिन्छ ।

घ) नेपाली भाषा पहिलो भाषा र दोस्रो भाषाको रूपमा सिक्ने विद्यार्थीहरूलाई एकै ठाउँमा राखी पढाउनुपर्ने विद्यमान परिस्थिति भए पनि शिक्षकले दुवै समुहहरूलाई समन्वयात्मक र सहयोगात्मक वातावरण सिर्जना गरी भाषा शिक्षण गर्नुपर्ने नीति अगाडी ल्याउनु आवश्यक छ ।

ङ) नेपाली भाषालाई जसरी बोलेपनि र जसरी लेखेपनि हुन्छ भन्ने धारणालाई मस्तिष्कबाट हटाउनुपर्ने देखिन्छ । नेपाली भाषाको उत्थानको लागि सम्बन्धित स्तरबाट केही कदम उठाउनुपर्ने देखिन्छ ।

च) अधिकांश विद्यालय मा तालिम प्राप्त शिक्षकको अभाव भएका कारण भाषिक सीप सिकाउने नभइ विषयवस्तुमात्र रटाउने प्रचलन बढी देखिन्छ । प्रभावकारी भाषा शीक्षणका लागी समय-समयमा गोष्ठीहरू गराई शिक्षकहरूलाई समस्या समाधानमा समुचित उपायको जानकारी गराउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

### ५.२.२. प्रयोग स्तरमा

भाषा विचार विनिमयको साधन हो । शिक्षा सिकाइ प्रक्रियामा मानवीय भाषा अध्ययनको ज्यादै ठूलो महत्व रहेको हुन्छ । भाषा सिकाइको क्रममा पहिलो वा दोस्रो तथा विदेशी जुनसुकै पनि धेरै भन्दा धेरै त्रुटिहरू पाइने गर्दछन् । जुनसुकै भाषा सिकाइका क्रममा देखापर्ने त्रुटिको प्रकृति फरक-फरक भएपनि विना त्रुटि कुनै पनि भाषा सिक्न सम्भव छैन । पहिलो भाषा सिकाइका त्रुटिहरूले भाषा र कथ्य भाषाबाट प्रभावित हुन्छ भने दोस्रो भाषा सिकाइका क्रममा हुने मातृभाषबाट प्रभावित भएको देखिन्छ । त्रुटिलाई सिकाइ प्रक्रियाको सङ्केतका रूपमा विश्वास गर्न मनोवादी सम्प्रदायको उदयपश्चात थालिएको हो । संरचनावादीहरू व्यतिरेकी विश्लेषणलाई जोड दिन्छन् भने मनोवादीहरू त्रुटि विश्लेषणमा जोड दिन्छन् । मनोवादीहरू भाषा शिक्षणमा विद्यार्थीकेन्द्रित विधिको प्रयोग गर्नुपर्दछ भन्दछन् । त्यसैले त्रुटि विश्लेषण अहिलेको यूगमा आएर सफल र सार्थक भएको छ । यसले गर्दा विद्यार्थीहरूको सिकाइ प्रक्रिया, त्रुटिक्षेत्र र शिक्षण विधिलाई पहिचान गर्नको लागि

अझ बढि मद्दत पुऱ्याउने गर्छ । यसका लागी यस शोधपत्र अध्ययनको क्रममा जे-जति त्रुटि देखा परेका छन्, ती त्रुटिलाई पहिचान गरी बेलामानै त्रुटि निराकरण गर्न केही कदम चालिहाल्नुपर्ने देखिन्छ र विद्यार्थीको क्षमता र बुझाईस्तरलाई मध्यनजर गरि सोही अनुसारले शिक्षण सिकाइ प्रक्रिया अगाडी बढाउनुपर्ने हुन्छ । शिक्षण सिकाइको क्रममा जान्ने र नजान्ने विद्यार्थीको समूह छुट्याई सोही अनुसार समझदारी पूर्णढङ्गबाट सिकाइ प्रक्रिया अगाडी बढाएमा पक्कै पनि त्रुटिलाई केही हदसम्म भएपनि रोक्न सकिन्छ । यसकारण कक्षा आठका विद्यार्थीलाई शिक्षण गर्दा सिकाइ प्रक्रियालाई प्रयोगस्तरमा निम्नानुसार गराउन सकिन्छ ।

क) सर्वप्रथमत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले नेपाली वाक्य गठन गर्दा गर्ने त्रुटिहरू हटाउन नेपाली भाषा शिक्षकले व्यतिरेकी अध्ययनको मद्दत लिएर सोही अनुसारका अभ्यासमा उनीहरूलाई बढीभन्दा बढी संलग्न गराउने क्रियाकलाप प्रयोग स्तरमा लागू गर्नाले त्रुटि कम गर्न सकिन्छ ।

ख) विद्यार्थीहरूमा भएका त्रुटि निराकरणका लागि बढी भन्दा बढी गृहकार्य दिने र स्वतन्त्र लेखन गरेका त्रुटिहरूका बारेमा जानकारी सहित सजग गराउनु पर्दछ ।

ग) नेपाली भाषा शिक्षण गर्दा विद्यार्थीहरूलाई नै बढी सक्रिय बनाई भाषाको लिखित प्रयोग गरी शुद्धभाषिक प्रयोगलाई पुरस्कृत गर्ने, स्याबासी दिने जस्ता क्रियाकलाप सञ्चालन गर्ने ।

घ) दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूलाई भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमा विशेष जोड दिनुपर्छ ।

ङ) भाषा शिक्षण सामाग्रीको बढीभन्दा बढी प्रयोग गरि शिक्षण गर्नु आवश्यक छ ।

च) विद्यार्थीहरूमा त्रुटि निराकरणका लागि सैद्धान्तिक व्याकरणको सट्टा प्रयोगमूलक अभ्यासमा जोडदिनाले पनि त्रुटि कम गर्न सकिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०५९), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थीपुस्तक भण्डार ।

अधिकारी, दुर्गाप्रसाद (२०६७), **विद्यार्थीहरूले वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन**, अप्रकाशित शोधपत्र त्रि.वि.वि

अवस्थी, महादेव र पारसमणि भण्डारी (२०५९), **सरल नेपाली व्याकरण र रचना** (कक्षा ९ र १०), काठमाडौंः एकता वुक्स ।

खनाल, पेसल (२०६१ ) दो.सं. **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स ।

ढकाल, भोलानाथ (२०५१), **कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूले नेपाली वाक्य गठनसम्बधी त्रुटिहरूको अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि.वि. ।

ढकाल, शान्तिप्रसाद, (२०५७), **सामान्यभाषा विज्ञान**, काठमाडौं : विद्यार्थीपुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५८) **प्रायोगिक भाषा विज्ञान**, काठमाडौं : एम के. पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन** काठमाडौं : रत्नपुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०६४), **व्यवस्थापरक व्याकरणका आधारभूत कोटिहरू** काठमाडौं : एकता बुक्स ।

लम्साल, रामचन्द्र रामप्रसाद भट्राई, श्रीप्रसाद कडेल (२०६४) **नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय**, काठमाडौं : विद्यार्थीपुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६४) **नेपाली भाषाका भाषिकाहरू**, काठमाडौं : विद्यार्थीपुस्तक भण्डार ।

शर्मा, त्रिपाठी, जगन्नाथ (२०३५), **नेपाली व्याकरण सम्वन्धी त्रुटिको विश्लेषण**, अप्रकाशित शोधपत्र मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान त्रि.वि. ।

शिवाकोटी बलराम (२०४८ ) **माध्यमिक तहमा अध्ययन गर्ने शिक्षार्थीले वर्णविन्यासमा गर्ने त्रुटि विश्लेषण एक अध्ययन**, अप्रकाशित शोध पत्र त्रि.वि.वि. ।

# परिशिष्टाङ्क

## नमुना प्रश्नहरू

### खण्ड 'क'

**नाम :** **समय : २० मिनेट**

**कक्षा :**

**विद्यालय को नाम :**

१. तलका ठिक उत्तरमा ✓ चिन्ह लगाउनुहोस् ।

१) निम्न लिखित पुलिङ्ग प्रयोगमा कुन वाक्य ठिक छ ?

क) भाइ विद्यालय गएका छन् ।

ख) भाइ विद्यालय गएको छ ।

ग) भाइ विद्यालय जानुभएको छ ।

घ) भाइ विद्यालय गएकी छ ।

२) निम्नलिखित स्त्रीलिङ्गी प्रयोगमा कुन वाक्य ठिक छ ?

क) बहिनी क्याम्पस गएका छन् ।

ख) बहिनी क्याम्पस गयो ।

ग) बहिनी क्याम्पस गइन् ।

घ) बहिनी क्याम्पस जाला ।

३) तलका मध्ये बहुवचन प्रयोगमा कुन वाक्य ठिक छ?

क) हामी रोटी खान्छौँ ।

ख) हामी रोटी खान्छौ ।

ग) हामी रोटी खान्छन् ।

घ) हामी रोटीहरू खान्छु ।

४) तलका मध्ये कुन वाक्यमा द्वितीय पुरुषको प्रयोग भएको छ?

क) तिमी उत्तीर्ण हुन्छौ ।

ख) तिमी उत्तीर्ण हुन्छौँ ।

ग) उनीहरू उत्तीर्ण हुन्छन् ।

घ) उहाँ उत्तीर्ण हुनुहुन्छ ।

५) तलका मध्ये कुन वाक्यमा प्रथम पुरुषको प्रयोग भएको छ?

क) तैँले नास्ता खाइस् ?

ख) मैले नास्ता खाएँ ।

ग) उसले नास्ता खायो ।

घ) तिमीले नास्ता खायौँ ।

६) तलका मध्ये अभ्यस्त भूत बुझाउने वाक्य कुन हो ?

क) ऊ बजार गएछ ।

ख) मैले पुस्तक किनेकी छु ।

ग) भाइ उत्तीर्ण होला ।

घ) हर्केले खेत जोत्थ्यो ।

७) तलका मध्ये अज्ञात भूतकालको वाक्य कुन हो?

क) तिमी विद्यालय जान्छौ ।

ख) तिमी विद्यालय जानेछौ ।

ग) तिमी विद्यालय गएछौ ।

घ) तिमी विद्यालय गयौ ।

८) तलका मध्ये कुन वाक्य पुर्ण वर्तमान काल हो?

क) म मनकामना गएको थिएँ ।

ख) म मनकामना गएको हुनेछु ।

ग) म मनकामना जाँदै छु ।

घ) म मनकामना गएको छु ।

९) तलका मध्ये कुन वाक्य अपूर्ण भविष्यत काल हो ?

क) तिमी धान काट्दै हुनेछौ ।

ख) तिमीले धान काट्दै छौ ।

ग) तिमीले धान काट्दै थियौ ।

घ) तिमीले धान काटेका थियौ ।

१०) तलका मध्ये कुन वाक्यले सामान्य आदरार्थी बुझाउँछ ?

क) कविले कविता लेख्छ ।

ख) कवि कविता लेख्छन् ।

ग) कवि कविता लेख्नुहुन्छ ।

घ) कविजी कविता लेखिसिन्छ ।

११) तलका मध्ये आज्ञार्थ बुझाउने वाक्य कुन हो ?

क) तिमी परिक्षा दिन्छौ ।

ख) तिमी परीक्षा देऊ ।

ग) तिमी परीक्षा देउला ।

घ) तिमीले परीक्षा दिए ।

१२) तलका मध्ये इच्छार्थ बुझाउने वाक्य कुन हो ?

क) तिमी पास भए ।

ख) तिमी पास होऊ ।

ग) तिमी पास हुन्छौ ।

घ) तिमी पास भएछौ ।

१२) तलका मध्ये सम्भावनार्थ वाक्य कुन हो ?

क) सीता मुनामदन पढ्छे ।

ख) सीता मुनामदन पढ्ली ।

ग) सीता मुनामदन पढ्नुहुन्छ ।

घ) सीता मुनामदन पढ्छिन् ।

१४) तलका मध्ये आदरार्थी बुझाउने वाक्य कुन हो ?

क) तँ घर जा ।

ख) तिमी घर जाऊ ।

ग) हामी घर जान्छौं ।

घ) तपाई घर जानुहुन्छ ।

१५) तलका मध्ये कुन वाक्य ठिक छ?

क) बुवा आउँछ ।

ख) बुवा आउनुहुन्छ ।

ग) बुवा आउँछिन् ।

घ) बुवा आउँछन् ।

१६) तलका मध्ये संकेतार्थ बुझाउने वाक्य कुन हो ?

क) कालो बादल लाग्छ, पानी पर्छ ।

ख) कालो बादल लाग्यो भने पानी पर्छ ।

ग) कालो बादल लाग्ला, पानी पर्ला ।

घ) कालो बादल लाग्यो, पानी पऱ्यो ।

१७) तलका मध्ये वर्तमान काल बुझाउने वाक्य कुन हो ?

क) तिमी पुस्तक पढ्छौ ।

ख) तिमी पुस्तक पढेछौ ।

ग) तिमी पुस्तक पढ्थ्यौ ।

घ) तिमी पुस्तक पढ्नेछौ ।

१८) तलका मध्ये सामान्यार्थ वाक्य कुन हो ?

क) उनी असल बने हुन्थ्यो ।

ख) उनी असल बनून् ।

ग) उनी असल बन्छन् ।

घ) उनी असल बन्लान् ।

१९) तलका मध्ये सामान्य भूतकालको वाक्य कुन हो ?

क) तिमी प्रथम भए ।

ख) उनी प्रथम भए ।

ग) म प्रथम हुन्थे ।

घ) उहाँ प्रथम हुनुभएछ ।

२०) तलका मध्ये भविष्यत्कालको वाक्य कुन हो ?

क) म पोखरा पुग्नेछु ।

ख) म पोखरा पुगेछु ।

ग) म पोखरा पुगेको छु ।

घ) म पोखरा पुग्दैछु ।

## खण्ड ख

## विषयगत (स्वतन्त्र लेखन)

**समय : २० मिनेट**

तलका प्रश्नहरूको एक-एक अनुच्छेद लेख्नुहोस् :

१) मेरो पढ्ने कोठा

२) शैक्षिक भ्रमण

३) मलाई मनपर्ने कवि

४) मेरो गाउँ

# व्यक्तिवृत

| | | |
|---|---|---|
| **नाम** | **:** | **लक्ष्मी शर्मा** |
| जन्म मिति | : | २०४२/९/११ |
| जन्म स्थान | : | कावासोती, नवलपरासी-५ |
| बाबुको नाम | : | केदारनाथ नेपाल |
| आमाको नाम | : | विष्णुमाया नेपाल |
| पतिको नाम | : | हरिहर न्यौपाने |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| भाषा | : | नेपाली |
| रुचि | : | साहित्यिक पुस्तक तथा पत्रपत्रिका पढ्ने |
| हालको ठेगाना | : | भरतपुर-४, बाह्रघरे, चितवन |

**शैक्षिक योग्यता**

| | | |
|---|---|---|
| प्रवेशिका | : | मगरकोट मा.वि. नवलपरासी |
| प्रमाणपत्र/ उ.मा.वि. तह | : | लुम्बिनी आदर्श डिग्री कलेज, नवलपरासी |
| स्नातक तह | : | लुम्बिनी आदर्श डिग्री कलेज, नवलपरासी |
| स्नातकोत्तर तह | : | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन |
| हाल कार्यरत विद्यालय | : | सिद्धार्थ ईङ्लीस बोर्डिङ स्कुल, बेलचोक, नारायणगढ चितवन |